# कोषको व्यवसायिक खम्बा, अपेक्षित उपलब्धी तथा मान्यता

## नागरिक लगानी कोष

### बचत कार्यक्रम

सामाजिक कल्याणलाई प्रवर्द्धन गर्ने गरी बचतमा आधारित मौजुदा कार्यक्रमलाई निरन्तरता दिइ बचतका कार्यक्रमलाई प्रभावकारी रुपमा विस्तार गरिने छ । त्यसक्रममा आन्तरिक बजारका साथै नेपालीका श्रम र पसिना बगेका बाह्य बजारमा पहुँच पुऱ्याइने छ ।

#### उपलब्धिहरू

१. सहभागीहरूले थप सेवा सुविधाहरू प्राप्त गरेका हुनेछन् ।

२. अन्तर्राष्ट्रिय स्तरमा सम्पर्क र सम्बन्ध स्थापना र विस्तार भएको हुनेछन् ।

३. कोषका कार्यक्रमहरू सर्व सुलभ हुनेछन् ।

### लगानी व्यवस्थापन

संकलित पुँजीलाई प्रतिफल उन्मुख लगानीमा रुपान्तरण गर्न विविध औजारहरू विकास गरिने छ । आय, उत्पादन र रोजगारी वृद्धि भई राष्ट्रिय समृद्धि हासिल हुने दिशातिर लगानी प्रवर्द्धनका योजना तथा कार्यक्रमहरू केन्द्रित हुने छन् ।

#### उपलब्धिहरू

१. लगानीको क्षेत्रमा विविधिकरण भएको हुनेछ ।

२. सहभागी कर्जाहरूको क्षेत्र तथा दायरा फराकिलो भएको हुनेछ ।

३. लगानीलाई न्यून जोखिम तथा सुरक्षित क्षेत्रमा परिचालन गर्न संयन्त्र निर्माण भएको हुनेछ ।

### पुंजी बजार सेवा

पुँजी बजारलाई राष्ट्रिय अर्थतन्त्रको मेरुदण्ड बनाउने दिशामा कोषको पुँजी बजार सेवा अगाडि बढाइने छ । प्राथमिक शेयर निष्काशनका साथै बजार निर्माता, लगानी परामर्श तथा प्रवर्द्धनका कार्यहरू व्यावसायिक मूल्य र मान्यताका आधारमा संस्थागत गरिने छ ।

#### उपलब्धिहरू

१. एक सहायक कम्पनी स्थापना भएको हुनेछ ।

२. पुँजीबजार विकास का लागि परामर्श सेवाको भूमिका निर्वाह भएको हुनेछ ।

३. उत्पादन तथा सेवामूलक क्षेत्रका प्राथमिक शेयर नि. प्रकाशन प्रवर्द्धन तथा शेयर प्रत्याभूति भएको हुनेछ ।

### कोषको मान्यता

- वित्तीय सुशासन, वित्तीय स्थायीत्व तथा संस्थागत सुशासनका सिद्धान्तहरू अवलम्बन गरी प्रत्येक क्रियाकलाप परिणाममुखी बनाईने छ ।
- कोषका समग्र नीति नियम तथा क्रियाकलापहरू कोषको हित अनुरुप हुने छ ।
- कोषले आफ्नो सामूहिक जिम्मेवारी आत्मसात गरी अन्वेषणात्मक तथा सुधारात्मक क्रियाकलापबाट आफ्ना सेवाग्राहीलाई गुणस्तरीय तथा प्रभावकारी सेवा दिइने छ ।
- कोषले आफ्नो कार्यक्षेत्रमा संस्थागत सामाजिक उत्तरदायित्व पूरा गर्नेछ ।
- कोष स्वच्छ प्रतिस्पर्धाका साथ बजारमा आफ्नो नेतृत्वदायी भूमिका वहन गर्न प्रतिबद्ध रहनेछ ।
- कोषको कार्य सम्पादन प्रति कर्मचारीहरूलाई उत्प्रेरित तथा जवाफदेही बनाइने छ ।
- सूचना र प्रविधिलाई आधुनिकीकरण गर्दै समयमै सहज र सरल रुपमा सेवा प्रदान गरिने छ ।
- सहभागितामूलक व्यवस्थापन पद्धतिलाई उच्चतम महत्व दिइने छ ।


**नागरिक लगानी कोष**

**CITIZEN INVESTMENT TRUST**

केन्द्रीय कार्यालय: नयाँबानेश्वर, काठमाडौं, पो.ब.नं.: ५८५३

फोन नं.: ०१-४७८५३१९, ४७८५३२०, ४७८५३२१, ४७८५३२५, ४७८४२९८, ४७८१६७३

फ्याक्स: ०१-४७८५३२०, ४७८४९४५

वेभसाईट: www.nlk.org.np

पोखरा शाखा कार्यालय: ०६१-५३८०३०, ०६१-५३८०३१

विराटनगर शाखा कार्यालय: ०२१-४७२९९४, ०२१-४७२९९५


# नागरिक लगानी कोष

# CITIZEN INVESTMENT TRUST




कोषको प्रस्तावित भवन

## २३ औं वार्षिक प्रतिवेदन

## आ.व. २०७३/०७४

# कोषको वर्तमान सञ्चालक समिति



प्रा.डा. रामचन्द्र भट्टराई
अध्यक्ष



डा. रामशरण खरेल
सदस्य



कवि प्रसाद पाठक
सदस्य



चन्द्रसिंह साउद
सदस्य



कमलेश कुमार अग्रवाल
सदस्य



अशोक बुढाथोकी
सदस्य



रमण नेपाल
सदस्य
(कार्यकारी निर्देशक)

# व्यवस्थापन समूह



रमण नेपाल
(कार्यकारी निर्देशक)



सुशील कुमार अर्याल
मुख्य व्यवस्थापक



शोभा श्रेष्ठ (सुवेदी)
का.मु. व्यवस्थापक



हेमन्त पोखरेल
का.मु. व्यवस्थापक



अनिल कुमार ढकाल
शाखा प्रमुख, पोखरा



बसन्त कुमार श्रेष्ठ
शाखा प्रमुख, विराटनगर



भरतराज श्रेष्ठ
उप-व्यवस्थापक



नवराज खड्का
उप-व्यवस्थापक



रोशनजंग कार्की
उप-व्यवस्थापक



नारायणप्रसाद घिमिरे
उप-व्यवस्थापक



अमृत बहादुर अधिकारी
उप-व्यवस्थापक



उमेश पनेरु
उप-व्यवस्थापक



अञ्जली आचार्य
चार्टर्ड एकाउन्टेन्ट



प्रविण राई
चार्टर्ड एकाउन्टेन्ट



जनकराज कंडेल
अधिकृत



तेजनाथ पाण्डे
अधिकृत



दिपेन्द्र सिं अधिकारी
अधिकृत



यमकुमार श्रेष्ठ
अधिकृत



तारानाथ भट्टराई
अधिकृत



हिरामणि खतिवडा
अधिकृत



रामशोभा ढुंगाना
अधिकृत



जयप्रसाद शाह
अधिकृत

**प्रशासन महाशाखा**
सुमन पौडेल, उप-व्यवस्थापक
उद्धव सिलवाल, अधिकृत
हरिश्चन्द्र श्रेष्ठ, अधिकृत
**लगानी तथा अनुगमन महाशाखा**
नवराज गौतम, अधिकृत
प्रकाश श्रेष्ठ, अधिकृत
**अवकाश कोष व्यवस्थापन महाशाखा**
बिजेन्द्र बहादुर रघुवंशी, अधिकृत
कुमार श्रेष्ठ, अधिकृत
जीवनराज जोशी, अधिकृत
ऋषिराम फुँयाल, अधिकृत
सुवाषचन्द्र दाहाल, अधिकृत
**अनुसन्धान तथा बजार विकास महाशाखा**
रीता पाठक (उपाध्याय), अधिकृत
**वित्त नियन्त्रण तथा आर्थिक प्रशासन मशाशाखा**
सुशील अधिकारी, अधिकृत
सुमना उपाध्याय, अधिकृत
**वीमा कोष शाखा**
रामेश्वर पुडासैनी, अधिकृत
रश्मी रिमाल, अधिकृत
राजेशराज जोशी, अधिकृत
रविन्द्रनाथ श्रेष्ठ, अधिकृत
सुनिल पौडेल, अधिकृत
अनिता थापा, अधिकृत
**आवास/सरल कर्जा शाखा**
दिपक घिमिरे, अधिकृत
**पूँजीबजार महाशाखा**
पुरुषोत्तम भट्टराई, अधिकृत
**सूचना प्रविधि व्यवस्थापन महाशाखा**
भुपेन्द्र सिं साउद
**रिकन्सिलेसन शाखा**
सुरेन्द्रदास कर्माचार्य, अधिकृत
संगिता शर्मा, अधिकृत
गोपालमान श्रेष्ठ, अधिकृत
भोगेन्द्रध्वज बस्नेत, अधिकृत
बिनोदराज पाण्डे, अधिकृत
**पोखरा शाखा कार्यालय**
कृष्णभक्त महर्जन, अधिकृत
**विराटनगर शाखा कार्यालय**
शिव प्रसाद उपाध्याय

# नागरिक लगानी कोष
# तेईसौं वार्षिक साधारण सभा बस्ने सूचना

**श्री शेयरधनी महानुभावहरू,**

कोषको मिति २०७५।०८।०८ मा बसेको संचालक समितिको बैठकको निर्णय अनुसार नागरिक लगानी कोषको २३औं (तेईसौं) वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका बिषयहरू उपर छलफल गर्न बस्ने भएकोले सबै शेयरधनी महानुभावहरूको उपस्थितिको लागि अनुरोध छ ।

| | | |
|---|---|---|
| सभा हुने मिति | : | २०७५ साल पौष ०६ गते शुक्रबार । |
| स्थान | : | नेपाल पर्यटन बोर्ड, भृकुटीमण्डप, काठमाण्डौं । |
| समय | : | बिहान ११:०० बजे । |

**साधारण सभामा छलफल हुने विषयहरू:**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने कोषको आ.व. २०७३।०७४ वार्षिक प्रतिवेदन ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७४ साल आषाढ मसान्तको वासलात र आ.व.२०७३।०७४ को नाफा/नोक्सान हिसाब बारे ।

(३) कोषको आ.व.२०७३।०७४ को आम्दानी बाँडफाँड हिसाब विवरणमा छुट्याइएको प्रस्तावित २२.०६ प्रतिशत बोनस शेयर र १.१६ प्रतिशत नगद लाभांश (कर प्रयोजनको लागि) स्वीकृत गर्ने बारे ।

(४) साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयरधनीहरू तथा संचालकहरूको तर्फबाट एक/एक जना प्रतिनिधि नियुक्त गर्ने बारे ।

(५) विविध ।

**साधारण सभा सम्बन्धी जानकारी**

१. सभामा उपस्थित हुन शेयरधनीहरूले प्रवेशपत्र लिनु पर्नेछ । उक्त प्रवेश पत्रमा अनिवार्यरूपमा शेयरधनी नं. वा डिम्याट नं. उल्लेख गर्नुपर्नेछ ।

२. शेयर प्रमाणपत्र प्राप्त गरी नसकेका शेयरधनीहरूले कोषको केन्द्रीय कार्यालय, नयाँ बानेश्वर, काठमाण्डौबाट शेयर प्रमाणपत्र लिनुपर्ने शेयरधनीहरूले लिनुहुन अनुरोध छ । साधारण सभा हुने दिन सभा स्थलबाट शेयर प्रमाणपत्र वितरण गरिने छैन ।

३. सभामा भाग लिनको लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरूले सभा हुने दिन भन्दा ४ (चार) दिन अगावै अर्थात् मिति २०७५।०९।०३ गते अपरान्ह ४ बजेसम्ममा कोषको केन्द्रीय कार्यालय, नयाँ बानेश्वर, काठमाण्डौंस्थित कोषको प्राङगणमा रहेको ब्लक बी भवनमा प्रोक्सी फारम दर्ता गरी सक्नु पर्नेछ ।

४. संगठीत संस्था शेयरधनी भएमा त्यस्ता संगठित संस्थाद्वारा खटाइएको वा मनोनीत गरेको प्रतिनिधि (प्रोक्सी) ले साधारण सभामा भाग लिन पाउनेछ ।

५. प्रतिनिधिपत्रमा सम्बन्धित संस्थाको आधिकारीक पत्र पेश गर्नुपर्नेछ ।

६. प्रतिनिधि (प्रोक्सी) मुकरर गर्दा कोषको शेयरधनी बाहेक अन्य व्यक्तिलाई प्रतिनिधि मुकरर गर्न पाईने छैन ।

७. शेयरधनीको नाम, शेयरधनी नं., डिम्याट नं., शेयर कित्ता संख्या र दस्तखत नमिलेको प्रतिनिधिपत्र रद्द हुनेछ ।

८. प्रतिनिधि (प्रोक्सी) दोहोरो पर्न गएमा यस कोषमा पहिलो दर्ता गरिएको प्रोक्सीले मात्र मान्यता पाउने छ ।

९. प्रतिनिधि (प्रोक्सी) मुकरर गरी पठाउने शेयरधनी स्वयं साधारण सभामा उपस्थित भएमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वत: बदर हुनेछ ।

१०. संयुक्त रूपमा शेयर खरीद गरेको अवस्थामा शेयरधनीहरूको दर्ता किताबमा साझेदारहरू मध्ये जसको नाम क्रमानुसार पहिलो नम्बरमा लेखिएको छ वा सो साझेदार वा साझेदारहरूको सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछ ।

११. विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीहरूले सभा हुनु भन्दा ७ दिन अगावै छलफलको बिषय संचालक समितिको सचिव मार्फत् संचालक समितिका अध्यक्षलाई कोषको केन्द्रीय कार्यालय, नयाँबानेश्वर स्थित ब्लक डि भवनमा लिखित रूपमा प्रस्ताव पेश गर्नुपर्नेछ ।

१२. वार्षिक साधारण सभालाई ध्यानमा राखि मिति २०७५।०८।१६ गते एक दिन यस कोषको शेयरधनी दर्ता पुस्तिका बन्द रहनेछ । साथै शेयरधनी दर्ता पुस्तिका बन्द भएको मितिभन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा भएको कारोबारबाट कायम भएका शेयरधनीहरूले मात्र कोषको साधारण सभामा भाग लिन तथा प्रस्तावित लाभांश पाउनेछ ।

***<u>नोट:</u>*** *सभा हुने दिन हाजिर रजिष्ट्रर बिहान ९:०० बजेदेखि खुल्ला रहनेछ ।*

सुमन पौडेल,
संचालक समिति सचिव
नागरिक लगानी कोष

अनुसूची १६

दफा ६(४) संग सम्वन्धित

## साधारणसभामा भाग लिन तथा मतदान गर्न आफनो प्रतिनिधि नियुक्त गर्ने निवेदनको ढाँचा

## प्रोक्सी

श्री नागरिक लगानी कोष,
केन्द्रिय कार्यालय, नयाँ वानेश्वर, काठमाण्डौं ।

विषयः प्रतिनिधि नियुक्त गरेको वारे ।

.................जिल्ला ................. पालिका वडा नं................बस्ने म/हामी........................ले त्यस कोषको शेयरधनीको हैसियतले संवत् २०......साल...............महिना......गतेका दिन हुने वार्षिक / विशेष साधारणसभामा म/हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा मेरा /हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि............. जिल्ला.................... पालिका वडा नं...........वस्ने श्री.................................लाई मेरा /हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु / पठाएका छौं ।

प्रतिनिधि नियुक्त भएको व्यक्तिको,-
हस्ताक्षरको नमुना :
शेयर संख्या :
शेयरधनी परिचय नं. :
DMAT BOID No : ................................
मिति :

निवेदक
दस्तखत :
नाम :
ठेगाना :
शेयरधनी परिचय नं. :
शेयर संख्या :
DMAT BOID No : ................................

**द्रष्टव्य :-**

१) यो प्रतिनिधि पत्र साधारण सभा हुन भन्दा अगावै मिति २०७५/०९/०३ गते अपरान्ह ४:०० बजे सम्ममा कोषको केन्द्रीय कार्यलय, नयाँ बानेश्वर, काठमाडौंको 'ब्लक B' भवनमा दर्ता गरिसक्नु पर्नेछ ।

२) समुह 'ख' अन्तरगतका शेयरधनी अन्य वित्तीय संस्थाहरुले संस्थाको तर्फवाट संचालकमा उम्मेदवारी दिने कार्य समेतका लागी प्रतिनिधि मुकरर गरि पठाउदा संस्थाको संचालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि साथै राखी संस्थाको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरी पत्र पठाउनू पर्ने छ ।

३) उमेदवार हुने वाहेक साधारण सभामा भाग लिन तथा मतदान गर्न कार्यका लागी संचालक समितिको निर्णयको प्रतिलीपि सम्लग्न गर्न अनिवार्य हुने छैन। संस्थाको पत्रमा विवरण खुलाई पठाएमा पर्याप्त मानिने छ ।

## बिषय सूचि


१. कोष सञ्चालक समितिका अध्यक्षको मन्तव्य ...............................................................१

२. महालेखा परीक्षकको अन्तिम लेखापरीक्षक प्रतिवेदन.......................................................११

३. केन्द्रीय हिसाब वासलात ..................................................................................२१

४. केन्द्रीय आय/व्यय हिसाब ................................................................................२२

५. इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण................................................................२३

६. आम्दानी बाँडफाँड हिसाब ................................................................................२४

७. नगद प्रवाह विवरण.........................................................................................२५

८. अनुसूची १ शेयर पुँजी र अनुसूची २ जगेडा तथा मुनाफा ..............................................२६

९. अनुसूची ३ स्थिर सम्पती तथा ह्रासकट्टी विवरण...........................................................२७

१०. अनुसूची ४.१ लगानीको विस्तृत विवरण....................................................................२८

११. अनुसूची ४ लगानी अनुसूची ५ जिन्सी मौज्दात .........................................................३०

१२. अनुसूची ६ नगद तथा बैंक मौज्दात ........................................................................३१

१३. अनुसूची ७ पेश्की, सापटी, धरौटी र अग्रीम भुक्तानी अनुसूची ८ चालू दायित्व......................३२

१४. अनुसूची ९ व्यवस्था तथा अन्य दायित्व......................................................................३३

१५. अनुसूची ११ व्याज आम्दानी, अनुसूची १२ सेवा शुल्क तथा कमिशन आम्दानी......................३४

१६. अनुसूची १० लेखा नीति तथा टिप्पणीहरु ..................................................................३५

१७. संयुक्त वासलात ...............................................................................................४५

१८. संयुक्त आय विवरण ..........................................................................................४६

१९. सारांश विवरण ................................................................................................४७

२०. चार्टहरु ..........................................................................................................४८

# सञ्चालक समितिको तर्फबाट
# नागरिक लगानी कोषको २३औं वार्षिक साधारणसभामा
# कोषका अध्यक्षद्वारा प्रस्तुत आर्थिक वर्ष २०७३/७४ को
# वार्षिक प्रतिवेदन

*(नागरिक लगानी कोष ऐन, २०४७ को दफा २३ अनुसार)*

**आदरणीय शेयरधनी तथा आमन्त्रित अतिथिज्यूहरु,**

नागरिक लगानी कोषको २३औं वार्षिक साधारणसभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, विभिन्न संस्थाका प्रतिनिधिज्यूहरु, आमन्त्रित अतिथिज्यूहरु, पत्रकार मित्रहरु, कोषका कर्मचारी साथीहरु एवम् उपस्थित सम्पूर्ण महानुभावहरुमा कोष संचालक समितिको तर्फबाट तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिवादन गर्दछु। आजको यस गरिमामय साधारण सभामा कोष संचालक समितिको तर्फबाट म यहाँहरु समक्ष कोषको आर्थिक वर्ष २०७३/७४ को वार्षिक प्रतिवेदन तथा हालसम्म कोषले सम्पादन गरेका प्रमुख कार्यहरुको समीक्षा एवम् भावी कार्यक्रमहरुको बारेमा जानकारी प्रस्तुत गर्ने अनुमति चाहन्छु।

नागरिक लगानी कोषले सम्पादन गरेका कार्य तथा त्यसबाट प्राप्त उपलब्धि सम्बन्धी विवरणहरु प्रस्तुत गर्नु अगाडि यहाँहरु समक्ष राष्ट्रिय अर्थतन्त्रको स्थिति एवम् पुँजीबजारको बारेमा संक्षेपमा अवगत गराउँछु।

## १. पृष्ठभूमी

नागरिक लगानी कोषले देशको राष्ट्रिय बचत परिचालन तथा पुँजीबजार बिकासको लागि एक अग्रणी वित्तीय संस्थाको रुपमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। कोषको बचत परिचालन, लगानी व्यवस्थापन र पुँजीबजार सम्बन्धी गतिविधिले अर्थतन्त्रको कुन क्षेत्रमा कसरी र कति प्रभाव पारेको छ, त्यसको विश्लेषण प्रस्तुत गर्नु सान्दर्भिक हुने हुनाले कोषले अर्थतन्त्रको विकासमा पुऱ्याएको प्रत्यक्ष तथा अप्रत्यक्ष योगदान र यसको अन्तरसम्बन्ध सन्दर्भमा संक्षिप्तमा प्रकाश पार्न चाहन्छु।

### १.१ राष्ट्रिय अर्थतन्त्रको परिदृष्य :-

आर्थिक वर्ष २०७३/७४ मा आर्थिक वृद्धिदर ७.४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७४/७५ मा त्यस्तो वृद्धिदर करिब ५.९ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७५/७६ मा राष्ट्रले ८.० प्रतिशतको हाराहारीमा आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य लिएको छ। सो अनुसार देशको समग्र आर्थिक क्रियाकलाप अभिवृद्धि हुँदै गएकोले कोषको कारोबार, मुनाफास्थिति लगायतका आर्थिक सुचकांकहरु उत्साहप्रद देखिएका छन्।

### १.२ राष्ट्रिय अर्थतन्त्रमा कोषको भूमिका :-

कोषको बचत परिचालन तथा लगानी व्यवस्थापनले प्रत्यक्ष वा परोक्ष रुपमा अर्थतन्त्रमा सकारात्मक प्रभाव पारेको छ। कोषको लगानी राष्ट्रिय प्राथमिकताका आयोजनामा विस्तार हुनु, समय समयमा बैंक तथा वित्तीय संस्थामा देखिने तरलताको संकटलाई न्युन गर्न सहयोगीको भूमिका खेल्नु र शेयर निष्काशन तथा बिक्री प्रबन्धकको भूमिका निर्वाह गरी पुँजी निर्माण गर्ने कार्यमा योगदान पुऱ्याउनुले समग्रमा यसको प्रभाव मुलुकको अर्थतन्त्रको विकाससँग गाँसिएको छ। सामाजिक सुरक्षासँग सम्वन्धित कार्यक्रमको सञ्चालनबाट दीर्घकालिन प्रकृतिका पुँजी निर्माण हुनुले उक्त पुँजीलाई उत्पादनमुलक तथा भौतिक पुर्वाधार विकासको क्षेत्रमा लगानी गरी अर्थतन्त्रमा थप योगदान दिन सक्ने सम्भावना पनि कोषसँग रहेको छ।

## २. मुद्रा तथा पुँजीबजारको अवस्था :

आर्थिक वर्ष २०७२/७३ मा निक्षेप तथा कर्जाको औसत भारित व्याजदर क्रमशः ३.२८ र ८.८६ प्रतिशत रहेकोमा आर्थिक बर्ष २०७३/७४ मा यस्तो व्याजदर क्रमशः ६.१५ र ११.३३ प्रतिशत रहेको थियो । त्यसरी नै उक्त व्याजदर आर्थिक बर्ष २०७४/७५ मा क्रमशः ६.४९ र १२.४७ प्रतिशत कायम रहेको देखिन्छ । पुँजी बजार तर्फ नेप्से परिसूचक आर्थिक वर्ष २०७२/७३ को अन्त्यमा १७१८.१५ विन्दुमा रहेकोमा आर्थिक बर्ष २०७३/७४ मा ७.९ प्रतिशतले घटेर वर्षान्तमा १५८२.६७ विन्दुमा झरेको थियो भने आर्थिक बर्ष २०७४/७५ मा उक्त सूचकांक २३.३९ प्रतिशतले घटेर १२१२.३६ विन्दुमा पुगेको देखिन्छ (तालिका नं. १) ।

**तालिका नं १: मुद्रा तथा पुँजीबजारको स्थिति**

| क.स. | विवरण | आर्थिक वर्ष २०७२/०७३ | आर्थिक वर्ष २०७३/०७४ | आर्थिक वर्ष २०७४/०७५ |
|---|---|---|---|---|
| १. | भारित औसत व्याज दर (निक्षेप) | ३.२८ | ६.१५ | ६.४९ |
| २. | भारित औसत व्याज दर (कर्जा) | ८.८६ | ११.३३ | १२.४७ |
| २. | बजार पूंजीकरण *( रकम रु. अर्बमा )* | १८९०.१३ | १८५६.८३ | १४३५.१४ |
| ३. | नेप्से परिसुचक (NEPSE Index) | १७१८.१५ | १५८२.६७ | १२१२.३६ |
| ४. | बजार पूंजीकरण मुल्यमा कारोबारको प्रतिशत | ८.६७ | ११.०४ | ८.५ |
| ५. | कुल गार्हस्थ उत्पादनमा बजार पूंजीकरणको प्रतिशत | ८३.९ | ७०.३ | ४७.७ |

***स्रोतः नेपाल राष्ट्र बैंक तथा नेपाल धितोपत्र बोर्ड***

आर्थिक वर्ष २०७२/७३ को अन्त्यसम्ममा बजार पुँजीकरण रु. १८ खर्ब ९० अर्ब १३ करोड बराबरको रहेकोमा आर्थिक वर्ष २०७३/७४ मा रु. १८ खर्ब ५६ अर्ब ८३ करोड रहेको देखिन्छ । आर्थिक वर्ष २०७४/७५ मा रु. १४ खर्ब ३५ अर्ब १४ करोडमा झरेको देखिन्छ । यसप्रकार विगत तीन आर्थिक बर्षहरुमा व्याजदर क्रमशः बृद्धि हुँदै आएको देखिन्छ भने पुँजी बजारको परिसूचक नेप्से तथा बजार पुँजीकरण क्रमशः घट्दै गएको देखिन्छ ( तालिका नं. १) ।

**अब म यहाँहरु समक्ष कोषको आर्थिक वर्ष २०७३/७४ सम्मको कारोबारको तुलनात्मक विवरण, यसले हासिल गरेको प्रगति तथा सञ्चालनमा ल्याएका कार्यक्रमहरुको संक्षिप्त जानकारी प्रस्तुत गर्दछु ।**

## ३. कोषका गतिविधि एवं क्रियाकलापहरुको संक्षिप्त स्थिति :

**आदरणीय शेयरधनी महानुभावहरु,**

कोषका गतिविधि तथा क्रियाकलापहरु यसको ५ वर्षे दीर्घकालीन रणनीतिक योजना (२०७२/७३ देखि २०७६/७७ सम्म)ले निर्दिष्ट गरेका लक्ष्य तथा उद्देश्यअनुसार तीन खम्बे व्यवसायिक क्षेत्र (3 Pillars Business Plan) मा आधारित रहेको व्यहोरा यहाँहरुलाई अवगत नै छ । सो अनुसार त्रिकोणीय व्यवसायिक क्षेत्र अन्तर्गत

सञ्चालन तथा व्यवस्थापन भएका कार्यक्रमहरुबाट समीक्षा अवधिमा कोषले हासिल गरेको प्रगति विवरणलाई संक्षिप्त रुपमा यहाँ प्रस्तुत गर्दछु ।

### ३.१. कोष परिचालनको स्थिति :-

कोषबाट सञ्चालित विभिन्न बचत कार्यक्रमहरुबाट २०७४ असार मसान्तसम्ममा गत वर्षको तुलनामा १८.१७ प्रतिशतले वृद्धि भई रु.९७ अर्ब २२ करोड ९७ लाख खुद कोष रकम संकलन भएको छ । यस्ता कार्यक्रमका सहभागीहरुलाई कार्यक्रमको प्रकृति अनुसार ४.५ देखि ८ प्रतिशतसम्म प्रतिफल प्रदान गरिएको छ (तालिका नं २) ।

**तालिका नं २: आर्थिक वर्ष २०७३/७४ को कोष संकलनको तुलनात्मक स्थिति**

*( रकम रु. करोडमा)*

| क्र.सं. | विवरण | आर्थिक वर्ष २०७२/७३ | आर्थिक वर्ष २०७३/७४ | बृद्धि % | आर्थिक वर्ष २०७४/७५* |
|---|---|---|---|---|---|
| १. | कर्मचारी बचत वृद्धि स्वीकृत अवकाश कोष | ५४,७२.३४ | ६४,८५.१७ | १८.५ | ७१,८३.१६ |
| २. | नागरिक एकांक योजना | २,३९.७५ | १,५१.२० | (३६.९) | १,१२.३६ |
| ३. | पेन्सन/उपदान कोष योजना | १२,७६.२४ | १६,०९.८४ | २६.१४ | १८,०७.६१ |
| ४. | लगानीकर्ता हिसाब योजना | २,९८.३७ | ३,४३.०८ | १४.९८ | ४,०१.६४ |
| ५. | वीमा कोष आयोजना | | | | |
| | क. निजामती वीमा कोष | ४,१६.२० | ४,४८.१२ | ७.६७ | ४,६९.७६ |
| | ख. शिक्षक वीमा कोष | ३,१४.७१ | ३,७५.५० | १९.३ | ३,८१.२५ |
| | ग. सैनिक वीमा कोष | १,५७.६३ | २,०६.०६ | ३०.७ | २,४८.५७ |
| | ग. नार्क वीमा कोष | ४.९५ | ५.६२ | १३.५ | ८.३२ |
| | घ. नेपाल प्रहरी वीमा कोष | ३०.८५ | ६४.५० | १,०९.०७ | ९६.६६ |
| | ङ. सशस्त्र प्रहरी वीमा कोष | १६.८८ | ३३.४४ | ९८.१६ | ५०.३२ |
| | च. अनुसन्धान वीमा कोष | - | ०.४४ | - | ०.८७ |
| | **खुद कोष** | **८२,२७.९२** | **९७,२२.९७** | **१८.१७** | **१,०७,६०.५२** |

*अपरिस्कृत वित्तीय विवरण अनुसार ।

कोषद्वारा सञ्चालित यस्ता कार्यक्रमहरु मार्फत अवकाश कोषको दायरा विस्तार गरी राष्ट्रिय बचतमा अभिवृद्धि गराउन, सार्वजनिक तथा निजी संस्थाका कर्मचारीहरुको दायित्वहरु कोषमा आधारित बनाई सरकार तथा निजी संस्थामाथि भविष्यमा पर्न सक्ने आर्थिक व्ययभार न्यून गराउन प्रत्यक्ष रुपमा महत्वपूर्ण भूमिका समेत कोषले निर्वाह गर्दै आएको छ ।

## ३.२ लगानी व्यवस्थापनको अवस्था :

कोषको लगानीलाई विविधीकरण गर्दै लैजाने सन्दर्भमा मुद्दती निक्षेप, सरकारी ऋणपत्र, संगठीत संस्थाको धितोपत्र, समयकालीन कर्जा र सहभागी सापटी तथा आवास कर्जामा समेत लगानी गर्ने व्यवस्था रहेको छ । कोषको शेयर पुँजी, जगेडा रकम तथा विभिन्न कार्यक्रमहरुबाट संकलित रकम आर्थिक वर्ष २०७२/७३ मा रु. ७४ अर्ब १६ करोड लगानी भएकोमा आर्थिक वर्ष २०७३/७४ मा कुल लगानी २३.१२ प्रतिशतले वृद्धि भई रु.९१ अर्ब ६७ करोड ३६ लाख पुगेको छ (तालिका नं ३)।

**तालिका नं ३ : आर्थिक वर्ष २०७३/७४ को लगानीको तुलनात्मक स्थिति**

*( रकम रु. करोडमा)*

| क्र. सं. | लगानी संरचना | आर्थिक वर्ष २०७२/७३ | आर्थिक वर्ष २०७३/७४ | वृद्धि % | आर्थिक वर्ष २०७४/७५* |
|---|---|---|---|---|---|
| १. | नेपाल सरकारको ऋणपत्र | १,८०.९३ | १,८०.९३ | – | १,८०.९३ |
| २. | बैंक तथा वित्तीय संस्थामा रहेका निक्षेप | ५८,२४.३० | ६२,७२.०० | ७.६९ | ७१,२०.५५ |
| ३. | समयकालीन कर्जा | २,१५.९८ | ६,६७.०० | २,०८.८२ | ८,२३.८० |
| ४. | संगठीत संस्थाको शेयर/ धितोपत्र | ३,९०.२९ | ४,०३.५४ | ३.३९ | ४,८०.२३ |
| ५. | सहभागी सापटी/आवास कर्जा/सरल कर्जा | ८,०४.५० | १६,४३.८९ | १,०४.३४ | १७,८०.२० |
| | **कूल लगानी** | **७४,१६.००** | **९१,६७.३६** | **२३.१२** | **१,०३,८५.७१** |

*अपरिस्कृत वित्तीय विवरण अनुसार ।

कोषले लगानी गर्दा लगानी नीतिको परिधिभित्र रही लगानीका क्षेत्र र बजारका अवसरहरुको परिचान तथा लेखाजोखा गरी लगानी गर्ने गरेको छ । लगानीका क्षेत्रहरु मध्ये न्यासधारी कोषहरुको रकम कम जोखिमयुक्त क्षेत्रको पहिचान गरी लगानी गर्नु पर्ने भएकोले यसको हिस्सा अझै पनि बैंक तथा वित्तीय संस्थाको मुद्दती निक्षेपमा केन्द्रित रहेको छ । लगानीको वातावरण सुधार हुँदै आएकोले आगामी दिनमा लगानीलाई विविधीकरण गरी उत्पादनशील तथा पूर्वाधार विकासको क्षेत्रमा विस्तार गर्ने तर्फ पहल गरिने जानकारी गराउन चाहन्छु ।

## ३.३ पुँजीबजार सेवाको स्थिति :-

मर्चेन्ट बैंकिङ्ग सम्बन्धी सेवामा आर्थिक वर्ष २०७३/७४ मा कोषको सार्वजनिक शेयर निष्काशन तथा बिक्री प्रबन्धक लगायत प्रत्याभूति प्रबन्ध तथा शेयर रजिष्ट्रार सेवाको कुल कारोबार रु.३ अर्ब ७४ करोड रहेको छ । उक्त बर्ष मर्चेण्ट बैंकिङ्ग सम्बन्धी कारोबारमा लक्ष्य अनुरुप नै प्रगति हासिल भएको देखिन्छ । यस्ता सेवाहरु प्रदान गरी आर्थिक वर्ष २०७३/७४ मा रु.३८ लाख २७ हजार आम्दानी गरिएको छ (तालिका नं ४)।

### तालिका नं ४ : पुँजीबजार सेवाको कारोबार विवरण

*( रकम रु. करोडमा)*

| क्र.सं. | विवरण | आर्थिक वर्ष २०७२/७३ | आर्थिक वर्ष २०७३/७४ | आर्थिक वर्ष २०७४/७५* |
|---|---|---|---|---|
| १. | निष्काशन तथा बिक्री प्रबन्धक सेवा | ७,४५ | - | ५,४४ |
| २. | रजिष्ट्रार सेवा | ५,०३ | ३,७४ | ९० |
| | जम्मा | १२,४८ | ३,७४ | ६,३४ |

*अपरिस्कृत वित्तीय प्रतिवेदन अनुसार ।

४. आर्थिक बर्ष २०७३/७४ मा कोषले आर्जन गरेको मुनाफा तथा उक्त मुनाफाको बाँडफाँडस्थिति देहाय बमोजिम रहेको छ ।

### ४.१. सञ्चालन तथा मुनाफाको स्थितिः-

आर्थिक वर्ष २०७२/७३ मा रु.४९ करोड ५४ लाख कूल आम्दानी भएकोमा रु. १६ अर्ब ८७ करोड सञ्चालन तथा अन्य खर्च भई कर पछिको खुद मुनाफा रु.२३ करोड ७२ लाख २१ हजार रहेको थियो भने आर्थिक वर्ष २०७३/७४ मा कोषले रु.५९ करोड ५१ लाख कुल आम्दानी गरेकोमा रु.१९ करोड ५८ लाख सञ्चालन तथा अन्य खर्च भई कर पछिको खुद मुनाफा रु.२९ करोड २३ लाख रहेको छ (तालिका नं ५) ।

### तालिका नं ५ :सञ्चालन तथा मुनाफाको स्थितिः

*(रकम रु. लाखमा)*

| क्र.सं. | विवरण | आर्थिक वर्ष २०७२/७३ | आर्थिक वर्ष २०७३/७४ | बृद्धि/न्यून प्रतिशत | आर्थिक वर्ष २०७४/७५* |
|---|---|---|---|---|---|
| १. | कूल आय | ४९,५४ | ५९,५१ | १.७५ | ६७,०१ |
| २. | कूल खर्च | १६,८७ | १९,५८ | २.३६ | २२,६६ |
| ३. | खुद नाफा (करअघि) | ३२,६७ | ३९,९३ | १.४४ | ४४,३५ |
| ४. | आयकर | ८,९५ | १०,६९ | ३४.१५ | ११,०९ |
| ५. | करपछिको नाफा | २३,७२ | २९,२४ | २७.४३ | ३३,२६ |

*अपरिस्कृत वित्तीय विवरण अनुसार ।

### ४.२. नाफा-नोक्सान बाँडफाँडको स्थितिः-

कोषको आर्थिक वर्ष २०७३/७४ को करपछिको खुद नाफा रु.२९ करोड २३ लाख ९३ हजार र आर्थिक वर्ष २०७२/७३ को बाँडफाँड गर्न बाँकी मुनाफा रु.८५ लाख ९ हजार समेत गरी बाँडफाँडयोग्य रकम रु. ३० करोड ९ लाख २ हजार रहेको छ । उक्त रकमबाट नागरिक लगानी कोष ऐन, २०४७ को दफा ४० र ४१ मा

भएको व्यवस्था अनुसार रु.५ करोड ८४ लाख ७९ हजार साधारण जगेडामा राखी बाँकी रकम मध्येबाट २२.०६ प्रतिशत बोनस शेयर र १.१६ प्रतिशत नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनको लागि छुट्टयाइएको) वितरणको लागि शेयरधनी समक्ष प्रस्ताव गरिएको व्यहोरा अनुरोध गर्दछु ।

## ५. आर्थिक वर्ष २०७३/७४ पछिको कोषको गतिविधि तथा क्रियाकलापहरु :-

**आदरणीय शेयरधनी महानुभावहरु,**

आर्थिक वर्ष २०७४/७५ मा कोषमा बचत वृद्धि स्वीकृत अवकाश कोष कार्यक्रम, पेन्सन/उपदान कोष योजना, लगानीकर्ता हिसाब योजना, नागरिक एकांक योजना, वीमा कोष योजना जस्ता बचत परिचालनसँग सम्बन्धित कार्यक्रम तथा पुँजी बजार सम्बन्धी सेवालाई निरन्तर रुपमा सञ्चालन गरिएको छ । कोषद्वारा सञ्चालित योजना तथा कार्यक्रमहरुलाई विगतको तुलनामा थप प्रभावकारी र व्यवस्थित बनाउनका लागि कोषले सहभागीहरुको बचत रकम र सहभागी सापटी मोवाइलमा हेर्न मिल्ने CIT मोवाइल एप्सलाई थप प्रभावकारी बनाइएको छ । साथै, आर्थिक वर्ष २०७४/७५ को कोषको लेखापरीक्षण सम्बन्धी कार्य अन्तिम चरणमा पुगेकोले उक्त लेखापरीक्षण सम्बन्धी कार्य यथाशिघ्र सम्पन्न गरी सो आर्थिक बर्षको समेत बार्षिक साधारणसभा यसै बर्ष भित्र सम्पन्न गर्ने योजना रहेको छ । उक्त बार्षिक साधारण सभा सम्पन्न भएपश्चात कोषले नागरिक लगानी कोष ऐन, २०४७ को प्रावधान अनुरुप नै नियमित रुपमा लेखापरीक्षण तथा बार्षिक साधारण सभा गर्ने कुरामा विश्वास दिलाउन चाहन्छु ।

### ५.१ बचत परिचालन :

२०७५ असोज मसान्तसम्ममा कोषको बचत परिचालन उच्चदरमा वृद्धि भएको छ । अपरिस्कृत वित्तीय विवरण अनुसार २०७४ असार मसान्तसम्ममा रु.९६ अर्ब ९७ करोड ९४ लाख पुगेको कोष संकलन २०७५ असार मसान्तसम्ममा १७.८६ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ७ अर्ब ६० करोड पुगेको छ । यस्तो बचत रकम २०७५ असोज मसान्तसम्ममा रु. १ खर्ब ११ अर्ब ५८ करोड पुगेको छ ।

### ५.२ लगानी व्यवस्थापन :

२०७४ असार मसान्तसम्मको अपरिस्कृत वित्तीय विवरण अनुसार कोषले विभिन्न क्षेत्रमा गरी रु.९१ अर्ब ६७ करोड ३६ लाख लगानी गरेको थियो भने २०७५ असार मसान्तसम्ममा यस्तो लगानी अघिल्लो वर्षको तुलनामा २३.१२ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ३ अर्ब ८५ करोड ७१ लाख पुगेकोमा २०७५ असोज मसान्तसम्ममा रु.१ खर्ब १० अर्ब  ८९ करोड लगानी व्यवस्थापन भइसकेको छ ।

### ५.३ पुँजीबजार सेवा :

कोषले पुँजी बजार सेवा अन्तर्गत मर्चेन्ट बैकिङ्ग कारोबारमा विक्रि प्रवन्धकको कार्य गरी आर्थिक वर्ष २०७४/७५ मा सान्जेन जलविद्युत परियोजनाको रु.८७ करोड ६० लाख बराबरको साधारण शेयर र NMB बैंक लि.को रु.४ अर्ब ५६ करोड (१ करोड १४ लाख कित्ता) बराबरको FPO को शेयर निष्काशन कार्य सम्पन्न गरेको छ भने आर्थिक वर्ष २०७५/७६ मा अपर तामाकोशी जलविद्युत परियोजनाको कुल ४ करोड २३ लाख ६० हजार कित्ता शेयर निष्काशनको प्रबन्धक भई सम्पूर्ण कार्य सम्पन्न गरेको छ । साथै, कोषले पुँजी बजारको दीगो विकास तथा विस्तारको लागि स्टक डिलरको कार्य शुरु गर्नका लागि आवश्यक प्रक्रिया अगाडि बढाएको छ ।

### ५.४ संकटग्रस्त बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप असुली :

विगतमा कोषको मुद्दती निक्षेप रहेका विकास वैंक तथा फाइनान्स कम्पनीहरु संकटग्रस्त हुंदा कोषको रु.१ अर्व १२ करोड जोखिममा परेको थियो । अहिलेसम्म हामीले यस्ता संस्थाहरुमा रहेको कोषको निक्षेप लगानीको ६२.८ प्रतिशत भन्दा बढी अर्थात् रु.७० करोड ३३ लाख बराबरको रकम उठाउन सफल भएको छौं भने बाँकी रकम उठाउन निरन्तर पहल भइरहेको छ ।

**५.५ कर्मचारी सेवा शर्त नियमावली परिमार्जन :**

कोषको कर्मचारी सेवा शर्त नियमावलीलाई समयानुकुल परिमार्जन तथा सुधार गरी अर्थमन्त्रालय मार्फत लोकसेवा आयोगमा परामर्शको लागि पठाई सकिएको छ ।

**५.६ सुचना प्रविधि :**

कोषले विगत लामो समयदेखि प्रयोग गर्दै आएको सफ्टवेयरले सेवाग्राहीलाई सबै सेवा प्रदान गर्न तथा कोषको हिसाब किताब अद्यावधिक गर्न कठीनाई भई रहेको हँदा उक्त सफ्टवेयरलाई प्रतिस्थापन गरी सरल तथा सम्पूर्ण कारोवार समेटने सफ्टवेयर राख्नको लागि NLK Web Based Integrated Software खरीद गरी प्रयोगमा ल्याउन उक्त सफ्टवेयर निर्माताले तदारुकताका साथ काम गरिरहेको छ । साथै, कोषका सेवाग्राही तथा सरोकारवालाहरुलाई आवश्यक सूचना प्रदान गर्न विद्युतिय माध्यमको प्रयोगमा ल्याइएको कोषको वेभसाइट तथा आधुनिक सूचना प्रणालीद्वारा सूचना दिन कोषले विकास गरेको एप्लिकेशन (CIT Apps) लाई थप व्यवस्थित गरिएको छ ।

**५.७ भवन निर्माण सम्वन्धमा :**

कोषले नयाँ बानेश्वर स्थित आफ्नो स्वामित्वको जग्गामा कोषको कार्यालय भवन निर्माण गर्नका लागि नक्सा पास सम्पन्न भइसकेको र निर्माण सम्वन्धी कार्य प्रक्रिया अगाडि बढाउन नेपाल सरकार, शहरी विकास तथा भवन निर्माण विभागमार्फत गराउन सम्झौता गर्ने चरणमा रहेको जानकारी गराउन चाहन्छु । हाल केन्द्रीय कार्यालय रहेको स्थानमा कार्यालयको लागि स्थान अभाव रहेकोले तत्काल करीब १५/१६ जना कर्मचारीले सहज रुपमा काम गर्न सक्ने गरी प्रिफ्याबको भवन तयार गर्ने प्रक्रिया शुरु गरिएको छ ।

**५.८ स्थिर सम्पत्ति व्यवस्थापन तथा भौतिक परिक्षणः**

कोषका विभिन्न सम्पत्तिहरुको उचित व्यवस्थापन गर्नु एउटा महत्वपूर्ण कार्य भएकोले हाल केन्द्रीय कार्यालय अन्तर्गतका विभिन्न पुराना स्थिर सम्पत्तिहरु सम्भव भएसम्म मर्मत सम्भार गरी प्रयोगमा ल्याउने र प्रयोगमा आउन नसक्ने सम्पत्तिको लिलामी मार्फत बिक्री गर्न वर्गीकरण तथा गणना गर्ने कार्य शुरु भएको छ । साथै, आगामी दिनमा नियमित रुपमा कोषको स्थिर सम्पत्तिको भौतिक परिक्षण गराई अद्यावधिक राखिने छ ।

**६. <u>भावी योजना तथा कार्यक्रम :-</u>**

नागरिक लगानी कोष ऐनले निर्दिष्ट गरेका काम, कारवाही र अधिकारको उचित प्रयोगबाट संस्थालाई प्रभावकारी ढंगबाट अगाडि बढाउँदै सहभागी तथा शेयरधनीहरुलाई अधिकतम प्रतिफल तथा गुणस्तरीय सेवा उपलब्ध गराउन निम्नानुसारको भावी योजना तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

**६.१ बचत संकलनको क्षेत्र विस्तार :-**

कोषले सामाजिक सुरक्षाको नयाँ योजना अन्तर्गत योगदानमा आधारित पेन्सन कोष कार्यक्रम सञ्चालन गर्न सरकारसँग पहल गर्नेछ । कोषको सहभागीहरु अवकाश भए पश्चात र नेपाली नागरिकलाई Annuity Pension को रुपमा निश्चित रकम नियमित रुपमा प्रदान गर्ने हेतुले Annuity Provider को कार्य गर्ने कोषको कार्ययोजना अगाडि सारिएको छ । सामाजिक सुरक्षणका कार्यक्रमको दायरालाई थप फराकिलो बनाउनका लागि कोषले यस वर्षको वार्षिक कार्यक्रममा स्वरोजगारमा रहेका पेशा व्यवसायीहरुलाई अवकाश कोषमा सहभागी गराइने लक्ष्य लिएको छ । कोषले सञ्चालन गर्दै आएको नागरिक एकांक योजनालाई परिस्कृत गरी उक्त एकांकको कारोवार विस्तार गर्न थप पहल गरिने छ । यस अघि वैदेशिक रोजगारका लागि दक्षिण कोरियामा रहेका नेपाली नागरिकलाई एकांक बिक्री शुरु गरिएकोमा यसलाई अब थप अन्य मुलुकहरुमा पनि विस्तार गरिने लक्ष्य लिइएको छ ।

**६.२ लगानीको क्षेत्र तथा दायरा विस्तार :-**

लगानीको दायरा विस्तार गर्न तथा लगानीलाई विविधीकरण गर्नका लागि कोषले विभिन्न संस्थाहरुसँग सहकार्य गरी निजी सार्वजनिक साझेदारी (PPP) मोडेलका परियोजनाहरु पहिचान गरी लगानी गरिने छ । कार्यालय

सञ्चालनमा ल्याइएका प्रदेश स्तरका शाखा कार्यालयहरु मार्फत तोकिएका नगरपालिका क्षेत्रहरुमा सहभागीहरुलाई आवाश कर्जा र सरल कर्जा विस्तार गर्ने, भौतिक पूर्वाधार विकासको लागि नेपाल सरकारसँग सहकार्य गरी कोषको संकलित रकमलाई परिचालित गर्ने, संस्थागत लगानीकर्ताको रुपमा विभिन्न आयोजनाहरुको शेयर, डिवेन्चर र बण्डमा लगानी गर्ने जस्ता कार्यक्रमहरु कोषले राखेको छ । कोषले जस्तै बचत परिचालन गर्ने अन्य वित्तीय संस्थाहरुसंगको सहकार्यमा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरुमा लगानी विस्तार गरी दीर्घकालिन, सुरक्षित र प्रतिफलयुक्त लगानीलाई प्राथमिकता दिइने छ ।

### ६.३ पुँजी बजार सेवा विस्तार :-

कोषले एक सहायक कम्पनी स्थापना गरी स्टक डिलरको कार्य गर्ने लक्ष्य लिएको छ । यसका लागि कोषले आवश्यक नीतिगत तथा भौतिक संरचना तयार गरिरहेको छ । यसका अतिरिक्त अन्य संस्थाहरुसँगसहकार्य गरी मध्यम र दीर्घकालिन स्वरुपका बण्ड, डिबेन्चरको निष्काशन प्रबन्धकको कार्य गरिनेछ ।

### ६.४ मानव संसाधन विकास :-

कोषको कार्य प्रकृतिको आधारमा सक्षम कर्मचारी व्यवस्थापन गर्न दीर्घकालिन लक्ष्य राखी जनशक्ति योजना तयार गरिने छ । त्यसैगरी कोषको माथिल्ला तहहरुमा हाल देखिएको व्यवस्थापकहरुको अभावलाई पुरा गर्न उपयुक्त माध्यमबाट पुरा गर्ने योजना रहेको छ । कोषका कर्मचारीहरुलाई कोषले गर्ने कार्यहरुमा सक्षमता तथा प्रभावकारिता अभिबृद्धि गर्न आवश्यकता अनुसार स्वदेश तथा विदेशमा तालिम दिने व्यवस्था मिलाइने छ ।

### ६.५ सूचना प्रविधिको विकास :-

कोषको ई–सर्भिस सेवालाई समयानुकुल सुधार गर्दै लगिने छ । NLK Web Based Integrated Software लाई यस आर्थिक वर्ष भित्र परिक्षणको रुपमा प्रयोगमा ल्याई आगामी मंसिर मसान्तभित्र पूर्णरुपमा प्रयोगमा ल्याइने छ । कोषको डाटा सेन्टरमा Dual पावर सिस्टमको व्यवस्था गरिने छ । साथै देशभित्रका दुई स्थानमा Disastor Recovery को लागि कोषको Data Back Up राखिने छ ।

### ६.६ शाखा कार्यालयहरुको सुदृढीकरण एवं सेवा विस्तार :-

हाल सञ्चालनमा रहेका दुई शाखा कार्यालयहरुलाई थप सुदृढ बनाउनुका साथै सेवा विस्तार गर्दै लगिने छ । आवश्यकता अनुरुप कोषबाट प्रवाह हुने सेवामा सेवाग्राहीहरुको पहुँच बढाउने व्यवस्था मिलाइने छ । साथै कोषको सेवा विस्तार गर्दै देशको प्रादेशिक ढाँचा अनुरुप सातवटै प्रदेशमा शाखा कार्यालय खोली कारोबार विस्तार गर्ने योजना रहेको छ ।

### ६.७ भवन निर्माण सम्वन्धमा :

कोषले आगामी दुई वर्ष भित्रमा ग्राहकमैत्री सुविधा सम्पन्न नयाँ भवन निर्माण गरी उक्त भवनमा कार्यालय स्थानान्तरण गरिने छ । सोही अवधिभित्र हाल कार्यालय रहेको कोषको जग्गामा व्यावसायिक भवन निर्माण गर्ने प्रक्रिया अगाडि बढाइनेछ । त्यसरी नै तत्काललाई कार्यालय प्रयोजनका लागि घर भाडामा नलिई केन्द्रीय कार्यालय परिसरमा प्रिफ्याबको घर तयार गरी सेवाग्राहीहरुलाई सहज सेवा प्रदान गर्ने योजना रहेको छ ।

## ७. गत वर्षको साधारण सभामा शेयरधनीले उठाएका विषयहरु :-

गत साधारणसभामा शेयरधनी महानुभावहरुले उठान गर्नुभएका महत्वपूर्ण विषय, दृष्टिकोण र सुझावहरुको कार्यान्वयनको अवस्था तथा तत्सम्वन्धमा भइरहेको प्रगतिहरु निम्न अनुसार रहेको जानकारी गराउन चाहन्छु ।

### ७.१ बचत परिचालनको सम्बन्धमा :-

कोषले आफ्नो कार्यक्रमको दायरा विस्तार गर्दै जानुपर्ने यहाँहरुको सुझावलाई मध्यनजर गर्दै कोषले आगामी दिनमा सामाजिक सुरक्षणको नयाँ योजना अन्तर्गत योगदानमा आधारित पेन्सन कोष कार्यक्रम सञ्चालन गर्न सरकारसँग पहल गर्ने, सामाजिक सुरक्षणका कार्यक्रमको दायरालाई थप फराकिलो बनाउनका स्वरोजगारमा रहेका पेशा व्यवसायीहरुलाई अवकाश कोषमा सहभागी गराउने तथा स्थानीय र प्रदेश सरकारका पदाधिकारी तथा कर्मचारीहरुको सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न कोषले पहल गरिरहेको छ ।

## ७.३ लगानी सम्बन्धमा :-

कोषको लगानी विविधीकरण भई जलविद्युत, पर्यटन, भौतिक पूर्वाधार तथा सामाजिक पूर्वाधारका परियोजनामा लगानी गर्ने योजना रहेको छ । कोषको केन्द्रीय कार्यालय तथा शाखा कार्यालयहरुबाट कर्जा प्रदान गरिने छ । लगानी सम्बन्धी नीति तथा कार्यविधि, निर्देशिका समय सापेक्ष संशोधन गरी लागू गरिएको छ ।

## ७.४ शाखा विस्तार लगायत अन्य विषय :-

मुलुकभरका सेवाग्राहीको पहुँचलाई वृद्धि गर्न थप शाखाहरु विस्तार गरी सेवालाई सर्वसुलभ गराउनुपर्ने यहाँहरुको सुझावलाई दृष्टिगत गरी कोषबाट उपलब्ध गराइने सेवामा सहज पहुँच विस्तार गर्ने गरी पोखरा र विराटनगर शाखाबाट कोषका विभिन्न कार्यहरु सञ्चालनमा आइसकेका छन् । आगामी दिनमा कोषबाट उपलब्ध गराइने सेवालाई सातवटै प्रदेश अन्तर्गतका क्षेत्रहरुमा समेत पहुँचयोग्य बनाउने योजना रहेको छ ।

## ७.५ पुँजीबजार सेवा विस्तारको सम्बन्धमा :-

कोषले संस्थागत लगानीकर्ता/स्टक डिलरको कार्य गर्नुपर्ने यहाँहरुको सुझाव अनुसार उक्त कार्य गर्न प्रचलित कानुन बमोजिम प्रक्रिया अगाडि बढाइएको छ ।

## ८. सम्भावना र चुनौतीहरु :

कोषको सम्भावना र अवसरहरु तथा समस्या र चुनौतीहरु निम्न अनुसार रहेको व्यहोरा प्रस्तुत गर्न चाहन्छु ।

## ८.१. सम्भावना एवं अवसर :-

- देशकै एक सामाजिक सुरक्षा प्रदान गर्ने संस्थाको रुपमा कार्य गर्न सकिने सम्भावना रहेको छ ।
- आम नागरिकको यस कोषप्रतिको सकरात्मक झुकावलाई उपयोग गर्दै कार्यक्रमको क्षेत्र र दायरा विस्तार गर्ने अवसर रहेको छ ।
- नेपाल सरकार अन्तर्गत शुरु हुन लागेको योगदानमा आधारित सामाजिक सुरक्षा योजना मार्फत देशभरीका सर्वसाधारणमा सामाजिक सुरक्षा सम्वन्धी जनचेतना फैलिने हुँदा त्यही प्रकृतिका कोषका कार्यक्रममा सर्वसाधारणलाई आकर्षित गर्न सहज हुने अवसर समेत रहेको छ ।
- स्वरोजगार समूहलाई स्वीकृत अवकाश कोषमा समेट्न सकिने अवसर रहेको छ ।
- वर्षेनी बढिरहेको बचतलाई राष्ट्रियस्तरको उत्पादनशील क्षेत्रमा लगानी गर्न सक्ने अवसर रहेको छ ।
- कोषले प्रदान गर्ने सेवालाई थप प्रभावकारी र पहुँचयोग्य बनाई सहभागी संस्था तथा कर्मचारीहरुको सहभागिता तथा आवद्धता बढाउन सकिने अवसर रहेको छ ।
- कोष एक स्वायत्त संस्था भएकोले यसले सञ्चालन गर्ने कार्यक्रम तथा योजनाहरु स्वतन्त्र, सेवामुखी र मुनाफायुक्त रहेको एवम् कोषले सर्वसाधारणको पूर्ण विश्वास जित्न सफल भएको छ ।
- कोषले आगामी दिनमा पुँजीबजार सेवा अन्तर्गत स्टक डिलरको कार्य गरी देशको पुँजी बजार विकासमा योगदान पुऱ्याउन सक्ने सम्भावना रहेको छ ।

## ८.२. समस्या तथा चुनौती :

- नेपाल सरकारको नीतिगत निर्णयको कारणले कोषले सञ्चालन गरिरहेका केही कार्यक्रम अन्यत्र हस्तान्तरण गर्नुपर्ने अवस्थाले कोषको कुल बचत रकममा कमी आउन सक्ने समस्या देखिएकोले कोषको व्यवसायलाई अझ बढी प्रभावकारी बनाउन अन्य नयाँ नयाँ कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने चुनौति रहेको छ ।
- नेपाल सरकार अन्तर्गत सुरु हुन लागेको योगदानमा आधारित सामाजिक सुरक्षा योजना तथा यस्तै प्रकृतिका अन्य संस्थाहरुले सञ्चालन गर्ने कार्यक्रमहरु नागरिक लगानी कोषले हाल सञ्चालन गरिरहेको कार्यक्रमहरुकै प्रकृतिको भएकाले आगामी दिनमा कोषले आफ्नो प्रतिस्पर्धात्मक क्षमता बढाउनुपर्ने चुनौति रहेको छ ।
- लगानीको विविधीकरण गरी कम जोखिमयुक्त उत्पादनशील तथा पूर्वाधार विकासका योजनाहरुमा लगानी गर्ने चुनौती रहेको छ ।

कोषमा विद्यमान उपरोक्त सम्भावना तथा अवसरको उपयोग गर्दै समस्या एवम् चुनौतीहरुलाई समाधान गरी लगानीको विविधीकरण गर्दै उत्पादनशील क्षेत्रमा लगानी गरी कोषलाई नाफामुलक बनाउन प्रयास गरिने छ ।

साथै कोषको उद्देश्यहासिल गर्न शेयरधनी महानुभावहरुबाट विगतमा जस्तै उपयुक्त सल्लाह, सुझाव र सहयोग प्राप्त भइरहने छ भन्ने विश्वास लिएको छु ।

## ९. सञ्चालक समितिमा भएको हेरफेर :

कोषको सञ्चालक समितिमा देहाय बमोजिम हेरफेर भएको व्यहोरा शेयरधनी महानुभावहरुलाई जानकारी गराउन चाहन्छु ।

कोषको तत्कालिन अध्यक्ष श्री महाश्रम शर्माले राजीनामा दिनुभएपछि रिक्त रहेको सो स्थानमा त्रिभुवन विश्वविद्यालय पाटन संयुक्त क्याम्पसका प्राध्यापक डा. रामचन्द्र भट्टराई नेपाल सरकारद्वारा नियुक्त भई आउनुभएको छ । नेपाल सरकार, अर्थमन्त्रालयको तर्फबाट सहसचिव श्री शंकर खरेल र वहाँपछि सहसचिव श्री चन्द्रकला पौडेलले प्रतिनिधित्व गर्दै आउनुभएकोमा वहाँहरु अन्यत्र सरुवा भएर जानुभएकोले हाल सो स्थान रिक्त रहेको जानकारी गराउँदछु । नेपाल राष्ट्र बैंकका निर्देशक एवम् नेपाल सरकार, अर्थ मन्त्रालयका सल्लाहकार डा. रामशरण खरेल कोषको सञ्चालक सदस्यको रुपमा नियुक्त हुनुभएको छ । राष्ट्रिय विमा संस्थानबाट प्रतिनिधित्व गर्नु हुने संचालक श्री सुरेन्द्र थापाले उक्त संस्थानमा राजीनामा दिई अन्यत्र जानुभएको हुँदा उक्त स्थानमा सञ्चालकको रुपमा सो संस्थानका प्रशासक श्री कवि प्रसाद पाठक नियुक्त हुनु भएको छ । साथै, कोषको रिक्त रहेको कार्यकारी निर्देशक पदमा नेपाल सरकारको मिति २०७५/०७/२५ को निर्णयबाट नेपाल राष्ट्र बैंकका पूर्व निर्देशक श्री रमण नेपाल नियुक्त हुनुभएको छ ।

कोषको सञ्चालक समितिका पूर्व अध्यक्ष श्री महाश्रम शर्मा, पूर्व संचालक सदस्यहरु श्री शंकर खरेल, श्री चन्द्रकला पौडेल, डा. गोविन्दमान सिं कार्की, श्री मणिदेव भट्टराई र श्री सुरेन्द्र थापालाई वहाँहरुको कार्यकालमा कोषको प्रगतिमा सक्रिय तथा रचनात्मक योगदान पुऱ्याउनु भएकोमा हार्दिक आभार एवं धन्यवाद ज्ञापन गर्दछु । कोषको पूर्व कार्यकारी निर्देशक श्री रामकृष्ण पोखरेललाई वहाँले कोषका लागि पुऱ्याउनुभएको योगदानका लागि धन्यवाद दिन चाहन्छु । अत्यन्त छोटो समयको लागि कोषको कार्यकारी निर्देशकको जिम्मेवारीमा रहेर संस्थाको विकासमा महत्वपूर्ण कार्यहरु गर्न सफल हुनुभएको निवर्तमान कार्यकारी निर्देशक श्री चन्द्रकला पौडेल प्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

## १०. धन्यवाद ज्ञापन :

कोषलाई शेयरधनी महानुभावहरुबाट निरन्तर रुपमा प्राप्त भैरहेको अमुल्य सहयोग, सद्भाव र सुझावको निमित्त म हार्दिक कृतज्ञता तथा धन्यवाद ज्ञापन गर्दछु । कोषको प्रगतिमा सदैव सहयोग पुऱ्याउने महालेखा परीक्षकको कार्यालय, नेपाल सरकार अर्थमन्त्रालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, विभिन्न वित्तीय संस्थाहरु एवम् अन्य सहयोगी संस्थाहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु । कोषलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा मार्गदर्शन र सुझाव प्रदान गर्नु हुने सम्पूर्ण शुभेच्छुक तथा सहभागीहरुप्रति संचालक समिति र मेरो व्यक्तिगत तर्फबाट समेत धन्यवाद दिन चाहन्छु ।

कोष परिवारको रुपमा कार्यरत रहँदै कोषको उन्नति र प्रगतिमा लगनशीलताका साथ लागिरहनुभएका कोष व्यवस्थापन तथा सम्पूर्ण कर्मचारी वर्गलाई धन्यवाद दिन चाहन्छु । आगामी दिनमा यहाँहरु सबैबाट विगतमा जस्तै सद्भाव र सहयोगको निरन्तरतासँगै कोषको प्रगतिका लागि अझ थप रचनात्मक सहयोग, सद्भाव र सुझाव प्राप्त भइरहने छ भन्ने अपेक्षा गरेको छु ।

धन्यवाद !

प्रा.डा. रामचन्द्र भट्टराई
**अध्यक्ष**
कोष सञ्चालक समिति
२०७५ पौष ६

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

संगठित संस्था लेखापरीक्षण महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या : २०७४/७५
चलानी नं. : ६२०

मिति : २०७५।३।२६

श्रीमान् कार्यकारी निर्देशकज्यू,
नागरिक लागानी कोष,
नयाँ बानेश्वर, काठमाडौं ।

**विषय : अन्तिम लेखापरीक्षण प्रतिवेदन ।**

**१. वार्षिक वित्तिय विवरण उपर प्रतिवेदन :**

हामीले यसै साथ नागरिक लगानी कोषको २०७४ आषाढ मसान्तको वासलात एवम् सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा इक्विटीमा परिवर्तन सम्बन्धि विवरण र तत्सम्बन्धि संलग्न लेखा नीति तथा टिप्पणी सहितको वित्तिय विवरणको लेखापरीक्षणसम्पन्न गरेका छौं।

**२. वित्तिय विवरण उपर व्यवस्थापनको जिम्मेवारी :**

नेपाल लेखामान, सम्बन्धित ऐन लगायत अन्य ऐन, नियम, कानुन अभ्यास अनुरूप यी वित्तीय विवरण तयारी गर्ने एवम् उचित रूपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत बित्तीय बिवरण जालसाजी, त्रुटि लगायत सारभुत रूपमा गलत आंकडारहित प्रस्तुतिकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रूपमा कार्यान्वयन हुनेगरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमान लागू गर्ने कार्य पर्दछन् ।

**३. लेखापरीक्षकको जिम्मेवारी :**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो। हामीले नेपाल लेखापरीक्षणमान र महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शन बमोजिम लेखापरीक्षण सम्पन्न गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार हामीलाई व्यवसायिक आचार संहिताको पालना गर्ने तथा वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटिरहित भएको बारेमा मनासिब आश्वास्तता प्राप्त गर्न लेखापरीक्षणको योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन्।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लेखित रकम र खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याँई गर्ने यथेष्ठ प्रमाण प्राप्त गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा संग्लन हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडा प्रस्तुती हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयार गरी यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने



*email : oagnep@ntc.net.np, info@oag.gov.np* *Web Page: www.oagnep.gov.np*

**"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"**

प्रयोजन राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

लेखापरीक्षणमा प्राप्त प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

**४. लेखापरीक्षण राय व्यक्त गर्ने आधार**

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रूपमा बित्तिय बिवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन् :

**४.१ सञ्चालनमा रहेको सफ्टवेयर र तथ्याङ्क सुरक्षा सम्बन्धमा**

कोषले प्रयोगमा ल्याएका कम्प्यूटर प्रणालीमा ( Oracle Software / PCS Software / Fox-Pro Software) पहिले पोष्टिङ्ग गरेको रकम पछि आएर सच्याउने वा हटाउन मिल्ने ब्यवस्था रहेको देखिएकाले तथ्याङ्क सही छ भन्ने आधार छैन । साथै प्रणाली परीक्षण (System Audit) समेत गरेको देखिदैन । कम्प्युटर सफ्टवेयरको लागत अनुमान मात्र गरेको डाटा बेस (Data Base)को छनौट सिस्टम एड्मिनिष्ट्रेशन (System Administration Enhancement) सूचना प्रबिधी कानुन (IT– Law) आदि समेटिने गरी सूचना प्रविधि सञ्चालन निर्देशिका बनाई सञ्चालक समितिबाट स्वीकृत गराई कार्यान्वयन तथा अनुगमन समेत गर्नु पर्नेमा सो नभएको पाईयो । ओर्‍याकल डाटा बेस (Oracle data base) को भिजुवलाईजेशन (Visualitation) तयार गर्ने कार्य गरिएको छैन । कर्मचारी बचत बृद्धि सम्बन्धी योजनाको कमजोर Data Base - Fox Pro लाई परिमार्जन गर्ने सम्बन्धी कार्य पूरा नभएको र सबै शाखा कार्यालयसंग सूचना सम्पर्क (Data Connectivity) नजोडिएको अबस्था रहेको छ ।

**४.२ लगानी लक्ष्य बमोजिम नभएको**

कोषको कुल लगानी रकममा १९.७ प्रतिशतले वृद्धि गरी यस वर्ष रू.८१ अरब २० करोड ९९ लाख पुऱ्याउने लक्ष्य रहेकोमा लक्ष्यको तुलनामा १२ प्रतिशतले कमी आई रू.७१ अरब ४५ करोड ८९ लाख मात्र लगानी गर्न सकेको देखिन्छ । बैंक तथा वित्तीय संस्थामा मुद्दति निक्षेप लगानी बाहेक अन्य क्षेत्रको लगानी लक्ष्य अनुसार प्रगति गर्न सकेको देखिएन । समयकालीन कर्जा (Term Loan) लगानी अरू लगानीको तुलनामा न्यून रहेको छ । कोषले खुद कोष परिचालनमा बृद्धि गरे अनुसार लगानीमा पनि क्रमश: बृद्धि गर्दै लैजानुपर्ने देखिन्छ । साथै कोषले लगानी शाखालाई दक्ष बनाउन सुदृढ गर्नु पर्ने देखिन्छ । कोषले पुंजी बजारको गतिशीलता ल्याउने सम्बन्धमा प्रभावकारी रूपमा कार्य गरेको देखिदैन । कोषले लगानी रकम मध्ये ५३.२५ प्रतिशत मुद्दति निक्षेपमा लगानी गर्ने लक्ष्य राखेकोमा ७५.६० प्रतिशत प्रगति गरेको देखिन्छ । तर अन्य क्षेत्रमा ४६.७५ प्रतिशत लगानी गर्ने लक्ष्य रहेकोमा २४.४० प्रतिशत मात्र प्रगति गरेको छ । लगानीलाई विविधिकरण गरी अधिकतम प्रतिफल प्राप्त हुने र जोखिम कम हुने किसिमका लगानीका क्षेत्रहरू पहिचान गरी लगानीको व्यवस्थापन गर्न जरूरी देखिन्छ ।

**४.३ सम्पत्तिको भौतिक परीक्षण र लिलामी**

आर्थिक कार्यविधि विनियमावली, २०६८ को दफा क ३४ अनुसार प्रत्येक वर्ष कार्यालय प्रमुख आफूले वा भण्डँरको जिम्मा लिने कर्मचारी बाहेका अन्य कर्मचारीद्धारा जिन्सी मालसामानको भौतिक निरीक्षण गराई

त्यसको प्रतिवेदन एक तह माथिको अधिकारी मार्फत कार्यालय प्रमुख समक्ष पेश गर्नुपर्ने भन्ने प्रावधान उल्लेख भएकोमा कोषले अर्थिक वर्ष २०७३/७४ मा चल अचल सम्पत्तिको भौतिक परीक्षण गरेको पाइएन ।

४.४ **कोषको लगानी हरहिसाब**

नागरिक लगानी कोषको लेखातर्फको अभिलेख अनुसार केन्द्रीय हिसाव र विभिन्न ११ कार्यक्रम/योजनाहरू समेत १२ वटा योजनाको आआफ्नो बिबरण अनुसार आर्थिक वर्ष २०७३/७४ सम्ममा कुल रू.७१,४५,८८,६१,८१५। लगानी रहेको देखिन्छ । तर लगानी विभागको अभिलेख अनुसार रू.६५,२२,२०,२२,३१८। मात्र देखिएकोले लगानी तर्फ फरक देखिएको रू.६,२३,६८,३९,४९७। का सम्बन्धमा एकिन गरी फरफारक गरेको देखिएन । यस पूर्वको लेखापरीक्षणको प्रतिबेदनमा पनि उल्लेख भएकोमा समस्या यस बर्ष पनि यथाबत रहेको पाइयो र कोही कसैले जिम्मेवारी लिएको अबस्था पनि देखिएन ।

कोषको हाल सम्म कुल रू.७१,४५,८८,६१,८१५। विभिन्न कार्यक्रम/योजनाहरूमा लगानीमा रहेको देखिन्छ । कोषका सम्बन्धित कार्यक्रम/योजनाहरूमा लगानी गर्न लगानीको अनुपात मिलाइ रकम बाँडफाँड गर्ने नीति तथा आधार तयार गरी अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्नेमा कुनै स्वीकृत नीति तथा आधार बेगर संचालक समितिको बैठकको पटके निर्णयको आधारमा लगानी गरेको देखिन्छ ।

४.५ **शेयरमा लगानी अद्याबधिक नभएको**

कोषले विगत वर्षहरूमा बिभिन्न बैंक तथा वित्तीय संस्थाहरूमा शेयर लगानी गरेकोमा मर्ज भएका संस्थाको बिबरण अद्याबधिक नगरिएको र कोषको लगानी अनुसारको बिबरणमा २१,७५०,७०१ कित्ता र शेयर अभौतिकिकरण (DMAT) अनुसारको बिबरणमा १६,००७,७५५ कित्ता शेयर भएकाले ५,७४२,९४६ कित्ता शेयर फरक परेको छ । विवरण भिडान गर्ने कार्य भएको देखिदैन । लगत अद्यावधिक नराखेको कारण कुन कुन कम्पनी मर्ज भएका हुन् र हालको कायम भएको नाम तथा सो को शेयर बजारको भाउ र के कति रकम व्यवस्था गर्नुपर्ने छ भन्ने यकिन गर्न समेत नसकिने अवस्था रहेको छ ।

४.६ **मुद्धति निक्षेपमा लगानी रकम भिडान नगरेको**

लगानी शाखाले तयार गरेको लगानी विवरण अनुसार विभिन्न योजना तथा कार्यक्रमहरूको २०७४ आषाढ मसान्तमा विभिन्न बैंकको मुद्दती निक्षेपमा रू. ६२ अर्ब ३० करोड मौज्दात रहेको उल्लेख छ । यसरी बैंकमा मौज्दात रहेको रकमको आ.व.को अन्त्यमा सम्बन्धित बैंकबाट समर्थन पत्र लिनु पर्नेमा कोषले बैंकमा रहेको भनि खुलाइएको बिबरण मध्ये रू.२२ अर्ब ४५ करोड मौज्दातको सम्बन्धित बैंकहरूबाट समर्थन पत्र लिएको पाइएन । बैंकबाट प्राप्त सक्कल समर्थन पत्र लेखापरीक्षणमा उपलब्ध गराउनु पर्नेमा समर्थन पत्र बेगर मौज्दातको यकिन गर्न सकिएन । साथै प्राप्त भएको व्याज र प्राप्त हुन बाँकी व्याज प्रष्ट हुने गरी बैंक हिसाव मिलान विवरण तयार गर्ने नगरेको तथा मुद्धति रसिद लगबुक तयार गर्ने, श्रेस्ता खडा गर्ने, तालुक निकायले स्वीकृत गरेको लगानी सम्बन्धि बिनियमावली नभएको र आफैंले सामान्य निर्देशिका तयार गरी कार्य गर्ने गरेको अवस्था रहेको पाइयो । समग्रमा लगानी बिभागले तयार गरको बिबरणमा रू. ५६,३०३,०००,००० र अन्य योजनाले तयार गरेको बित्तीय बिबरण अनुसार जम्मा रू.६२,०३०,०००,००० रहेकोले रू. ५ अर्ब ७२ करोड ७० लाख रकम फरक रहेको देखिन्छ ।

४.७ समस्याग्रस्त बित्तीय संस्थामा गरिएको लगानी

केही बैंक तथा वित्तीय संस्थाहरू समस्याग्रस्त घोषित हुंदा ती संस्थामा रहेको रू ८० करोड २० लाख वापत जोखिम व्यवस्था गरेको देखिन्छ । जस मध्ये सावां ब्याज असुल भएको बिबरण खुल्ने गरी श्रेस्ता खडा गरेको छैन । साथै लेजरमा पनि असुल गरेको रकम कटाई खुद बांकी रकमको अभिलेख अद्यावधिक गरेको देखिएन । जोखिम व्यवस्थामा रहेको खुद रकम अविलम्व यकिन गरी असुल गर्नुपर्ने देखिन्छ । समस्याग्रस्त बैंक तथा वित्तीय संस्थाबाट पाउनु पर्ने ब्याज रू ६१ करोड ९९ लाख ८० हजार मुल्तवीमा राखी पाउनु पर्ने हिसाबमा समावेश गरेको देखिन्छ । सो रकम असुल उपर गर्न सम्वन्धित पदाधिकारीलाई जिम्मेवार वनाउनु पर्ने देखिन्छ ।

४.८ ब्याज आय असुली

कोषको केन्द्रिय हिसाब बमोजिम विभिन्न ११ कार्यक्रम/योजनाहरूको मुद्दति निक्षेपमा लगानी गरेको मध्ये समस्याग्रस्त बैंक तथा वित्तीय संस्थाहरूमा वर्षान्तसम्मको पाकेको ब्याज रू.६१ करोड ९९ लाख असुल हुंन बाँकी रहेको देखिन्छ । यस प्रकार असुल उपर हुन बाँकी ब्याजको आर्थिक बर्षको अवधि अनुसार वर्गिकरण गरिएको छ । उक्त भाखा नाघेको मुद्दति निक्षेपको पाकेको ब्याज असुल उपर तर्फ तदारूकता अपनाएको देखिदैन । विभिन्न बैंकको मुद्दति निक्षेपमा लगानी गरेको रकम सम्झौता अनुसार म्याद भुक्तान भएको ३ दिन भित्र कोषको खातामा फिर्ता दाखिला गर्नुपर्नेमा लेखापरिक्षणको क्रममा ३ वटा बैंकहरूबाट लिनु पर्ने रू १ करोड ४ लाख सम्बन्धित बैंकहरूबाट असुल उपर गरेको पाइएन । बैकहरूले सम्झौता अनुसारको म्याद भित्र रकम फिर्ता दाखिला गरेको पाइएन । कोषको तर्फबाट पनि समयमा रकम फिर्ता दाखिला भयो भएन भन्ने सम्बन्धमा अनुगमन गरेको देखिएन । यसबाट बैंकहरूले लामो अवधिसम्म सो रकम अनधिकृत रूपमा प्रयोग गरी अनावश्यक लाभ लिएको देखिन्छ । यस्तो रकमवाट हुने क्षति वापतको रकम हिसाव गरी सम्वन्धित पदाधिकारीवाट असुल गर्नु पर्दछ ।

४.९ नगद तथा बैंक मौज्दात

क) कोषले तयार गरेको बित्तीय बिबरण अनुसार बैंकसंगको कारोबार कार्यालयको हिसाबसंग मिलान गरी बैंक हिसाब मिलान बिबरण तयार गर्ने नगरिएको र तयार गर्ने भनि कोषले गरेका हालसम्मका प्रयासहरू नतिजा उन्मुख देखिएन । बिगत बर्षको मात्र नभएर आगामी बर्षहरूमा पनि यस समस्याको असर रहने अवस्था देखिएकोले तत्काल सुधार हुनु पर्ने देखिन्छ । नगद तथा बैक मौज्दातको अन्तिम मौज्दात केन्द्रको मात्र रू १ अरव ४७ करोड ३९ लाख ७८ हजार ३५८ ऋणात्मक बैंक मौज्दात रहेको देखिन्छ । यस रकममा उल्लेख नभएको कर्मचारी बचत बृद्धि अवकाश कोष कार्यक्रमको रू १ अर्व २६ करोड २६ लाख ३७ हजार १२३ बराबरको नकारात्मक मौज्दात वासलातमा नै नकारात्मक रूपमा देखाइएको छ ।

कोषको केन्द्रले विभिन्न १४ बैंकमा खाताखोली ४० बैंक खाताबाट कारोवार गरेको देखिन्छ । बैंकबाट भएका हरेक कारोवार आवधिक (कम्तिमा पनि मासिक) रूपमा रिकन्सिलेसन गरी हिसाब अद्यावधिक गर्नु पर्नेमा रिकन्सिलेसनको काम अद्यावधिक नभएकोले कोषको कार्यालयले राखेका बैंक खाताको मौज्दात रकम र सम्बन्धित बैंकले उपलब्ध गराएको सो खाताको मौज्दात प्रमाणित रकममा ठूलो अन्तर परेको देखिन्छ । कतिपय बैंक खाताको स्टेटमेन्ट लिएको समेत पाइएन । बैंक मौज्दातको हिसाव मिलान गर्न बाँकी

रहेको स्थितिमा तयार भएको वित्तीय विवरणले कोषको आर्थिक कारोवारको यथार्थ चित्रण नगर्ने हुँदा तत्काल बैंक हिसाव मिलान गर्नु पर्ने देखिन्छ ।

(ख) कोषको केन्द्रीय हिसाब अन्तर्गत रहेका ४० बैंक खाताको लेजर हिसाबमा वर्षान्तसम्ममा खुद रकम रू ४३ करोड ८२ लाख ६५ हजार ५७६ रहेको देखिन्छ । उक्त बैंक हिसाब मध्ये ऋणात्मक (क्रेडिट) मौज्दात रू १ अर्व ४७ करोड ३९ लाख ७८ हजार ३५८ रहेको छ ।

(ग) कोषको ४० बैंक खातामा लेजर हिसाव अनुसार मौज्दात रू.४३ करोड ८२ लाख ६५ हजार ५७६ रहेकोमा बैंक स्टेटमेन्ट अनुशार जम्मा बैंक मौज्दात रू.१ अर्व १० करोड १७ लाख ७१ हजार ९३६ रहेकोले खुद फरक रू ६६ करोड ३५ लाख ६ हजार ३६० बैंक स्टेटमेन्ट अनुसार बढी रहेको छ ।

(घ) खाताहरूको समग्र तथ्यांक अध्ययन गर्दा खुद रू.६६ करोड ३५ लाख ६ हजार ३६० कोषको हिसावमा भन्दा बैंकमा मौज्दात बढी रकम भई फरक परेको देखिन्छ । कोषले सञ्चालन अन्य कार्यक्रम तथा योजनाहरूको पनि बैंक हिसाब फरक परेको छ । ती बिवरणहरू अलग अलग आन्तरिक प्रतिबेदनमा जनाईएको छ ।

यस कोषले संचालन गरेको बिभिन्न योजनाहरूमा समेत बैंक हिसाब मिलान बिबरण तयार गर्ने नगरिएको र बिबरणमा ठूलो भिन्नता रहेकोले समयाबधि र जिम्मेवारी समेत तोकी तत्काल हिसाव मिलान विवरण तयार गर्नु पर्दछ अन्यथा कार्य सम्पन्न नगर्ने पदाधिकारी र कर्मचारी जिम्मेवार हुनु पर्ने व्यहोरा अघिल्लो लेखापरिक्षण प्रतिवेदनमा उल्लेख गरिएकोमा समस्या यथाबत रहेको छ ।

## ४.१० संकटग्रस्त बित्तीय संस्थाबाट प्राप्त हुनु पर्ने मुद्धति निक्षेप र ब्याज

लेखापरीक्षणको क्रममा उपलब्ध विवरण अनुसार केन्द्रीय हिसाबको अतिरिक्त विभिन्न कार्यक्रम योजनाहरूको विभिन्न बैंक तथा बित्तीय संस्थाहरूमा मुद्दती निक्षेपमा लगानी गरेको मध्ये नेपाल राष्ट्र बैंकबाट समस्याग्रस्त घोषित र शिघ्र सुधारात्मक कदम चालिएका बैंक तथा बित्तीय संस्थाहरूमा लगानी, लगानीमा क्षति वापतको ब्यवस्था र सो लगानीको वर्षान्त सम्मको पाउनुपर्ने ब्याज मुल्तवी वापतको रकम निम्न बमोजिम रहेको देखिन्छ ।

| विवरण | लगानी रकम रू. | ब्याज मुल्तवी रकम रू. |
|---|---:|---:|
| केन्द्रिय हिसाव | ३०,०००,००० | २१,३६३,२८७।६७ |
| क.व.बृ.योजना | ५५०,०००,००० | ३९९,४७५,९२७।१२ |
| उपदान कोष योजना | १२५,०००,००० | १०८,९१०२९३।५४ |
| लगानीकर्ता हिसाव योजना | ५५,०००,००० | ५२,०५३,१६०।४६ |
| शिक्षक विमा योजना | ५०,०००,००० | २२,९३०,६८६।०० |
| नगरिक एकांक योजना | १०,०००,००० | ७,४५३,४४४।०० |
| निजामती विमा योजना | १०,०००,००० | ७,७९३८४५।६४ |
| जम्मा | ८३०,०००,००० | ६१९,९८०,६४५ |

नेपाल लेखामान र सर्वमान्य लेखा सिद्धान्त अनुसार उक्त लगानीमा हानी वापत शत प्रतिशतले हुने रू.८३०,०००,०००। जोखिम व्यवस्था गर्नु पर्नेमा कोषले प्रत्येक वर्ष २० प्रतिशतका दरले जोखिम व्यवस्था गर्ने नीति अवलम्वन गरेको छ । जस अनुसार वर्षान्तसम्ममा केन्द्रीय हिसावले रू.३०,०००,०००।०० र अरू कार्यक्रम र योजनाहरूले रू. ७७२,०००,०००।०० जोखिम व्यवस्था गरेकोले रू.२८,०००,०००।०० जोखिम व्यवस्था कम भएको देखिन्छ । यसरी जोखिम व्यवस्था कम गरेकाले कोषको खुद नाफामा सोही रकमले घटी हुने देखिन्छ ।

समस्याग्रस्त बैंक तथा वित्तिय संस्थाहरूमा भूक्तानी अवधि नाघेको मुद्धती निक्षेप रू. ३ करोड लाई नेपाल लेखामान अनुसार वित्तिय विवरणको अनुसुची ६ मा चालु सम्पती (लिनुपर्ने हिसाब) अन्तर्गत प्रस्तुत गर्नुपर्नेमा अनुसुची ४ लगानी शिर्षक अन्तर्गत प्रस्तुत गरेको देखिन्छ ।

### ४.११ अन्तर शाखा लेनदेन हर हिसाब फर्छ्यौट नगरेको

कोषका विभिन्न कार्यक्रम/योजनाहरू छुट्टा छुट्टै संचालन भई वित्तीय विवरणहरू पनि अलग अलग तयार गर्ने गरेको देखिन्छ । यस्तो अवस्थामा सबै कार्यक्रम/योजनाहरूको आम्दानी, खर्च र अन्य कारोबारको विवरण सहितको अभिलेख छुट्टा छुट्टै राखी हिसाब अद्यावधिक गर्नु पर्नेमा कोषले एक योजनाको आम्दानी अर्को योजनामा जम्मा गर्ने र खर्च तथा भुक्तानी पनि यसै किसिमले अर्को योजनाबाट गरेको देखिन्छ । त्यस्तो आम्दानी खर्चलाई लेनदेन हिसाबमा देखाउने गरेको छ । लेनदेन हिसाब आवधिक रूपमा भिडान गर्नु पर्नेमा लामो समय सम्म पेण्डिङ राखेको पाइयो । जसले गर्दा अन्तर कार्यक्रम योजनातर्फको हिसाब भिडान नभई निरन्तर रूपमा फरक पर्ने गरेको देखिन्छ । यस्तो अवस्था रहेबाट आन्तरिक नियन्त्रण प्रणाली अत्यन्त कमजोर रहेको पाइयो ।

### ४.१२ कोषको अन्तर योजना हिसाबमा रहेको भिन्नता

कोष अन्तर्गतका एक योजनाले देखाएको लिनुपर्ने हिसाब र अर्को योजनाले देखाएको तिर्नुपर्ने हिसाब बराबर हुनुपर्नेमा केन्द्रीय कोषले अन्य योजना (नागरिक एकांक योजना, निजामती विमा कोष, शिक्षक विमा कोष, सैनिक विमा कोष, नार्क विमा कोष, सशस्त्र प्रहरी विमा, नेपाल प्रहरी विमा) संग लिनुपर्ने हिसाबमा रू. १,२९४,४३१,६७७।०० र उक्त कोषले दिनुपर्ने हिसाबमा रू. १,१२५,७४९,८४४।६८ देखाएको छ । जसले गर्दा १६ करोड ८६ लाख फरक देखिन्छ । अन्य योजनालाई (क.ब.बृ.का.उपदान कोष योजना, लगानीकर्ता हिसाब योजना, पेन्सन कोष) दिनुपर्ने हिसाबमा केन्द्रले रू.८१२,३३१,२२५।०० देखाएको र उक्त कोषले लिनुपर्ने हिसाबमा रू. २,०६९,७६९,१३४।५८ देखाएको कारणले रू. १ अर्व २५ करोड ७४ लाख फरक देखिन्छ । अन्तर कार्यालयको हिसाबमा यति ठूलो रकम फरक रहेको र एक अर्काको लेनदेन हर हिसाब यकिन हुन सकेन । अन्तर कोष हिसाब विगत बर्षहरू देखिनै मिलान गर्न बांकी रहदै आएकोले हिसाव मिलान नगर्ने तथा नगराउने पदाधिकारीलाई जिम्मेवार वनाउनु पर्दछ ।

### ४.१३ कोष नियन्त्रण र परिचालन

नागरिक लगानी कोष आर्थिक कार्यविधि विनियमावली, २०६८ को विनियम ४ अनुसार कोषको फण्डमा प्राप्तहुने सम्पूर्ण रकमहरू संचालक समितिले तोकिदिएको बाणिज्य बैंकहरूमा कार्यक्रमगत (Scheme wise) रूपमा एक वा एक भन्दा बढी आम्दानी/प्राप्ति (non operative) खाता खोली जम्मा गर्नुपर्ने, सो कोषबाट हुने खर्च /भुक्तानी प्रयोजनको लागि कार्यक्रमगत (Scheme wise) खाता खोल्नुपर्ने र नन्अप्रेटिभ खातामा जम्मा भएको रकम खर्च/भुक्तानी खातामा ट्रान्सफर गरी खर्च /भुक्तानी गर्नु पर्ने,

कोषकोफण्ड खाताहरूको संचालन कार्यकारी निर्देशक वा निजले तोकेको विभागीय प्रमुख र बित्त प्रमुखको दस्तखतबाट संचालन हुने उल्लेख छ । तर कोषले आम्दानी/प्राप्ति (non operative) खाता संचालन गरेको देखिएन । प्राप्त भएका सबै आम्दानी/प्राप्ति अप्रेटिभ खातामा जम्मा गरी खर्च /भुक्तानी गरेको देखिन्छ । यसबाट कोषले विनियमावलीमा उल्लेख भएको व्यवस्था भन्दा भिन्न किसिमले आर्थिक कारोवार गरेको देखिन्छ । बिनियमावली भन्दा फरक किसिमले कारोबार गर्दा बित्त नियन्त्रण समेतमा प्रभावकारिता देखिएन । विनियमावलीको उल्लघंन गर्नेलाई उचित कारवाही गर्नुपर्दछ ।

## ४.१४ कम्प्युटर सफ्टवेयर लेखा प्रणाली

कोषले प्रयोगमा ल्याएको सफ्टवेयरमा प्रयोगकर्ताले आफूखुसी रकम परिबर्तन गर्न सक्ने र लेखा परिमार्जन गर्ने गरिएकोले श्रेस्ताको रकम फरक फरक समयमा फरक फरक रकम सफ्टवेयरले देखाउने हुँदा रूजु हुन सक्ने अबस्था रहेको छैन । जसले गर्दा कुनै पनि समयमा वित्तीय विवरण बदल्न सक्ने र त्यसको बारेमा लेखापरीक्षण गर्दा पत्ता नलाग्ने देखिन्छ ।

कोषले चेक जांचको भरपर्दो व्यवस्था गर्नुपर्नेमा कोषका कर्मचारीबाट रूजु नगरी सिधै लेजर खातामा प्रविष्ट गर्ने गरेको छ । यसबाट लेखा नियन्त्रण प्रणालीको न्यूनतम संहिता पनि परिपालना नभएको देखिन्छ । त्यस्तै गरी लाभार्थीले जम्मा गरेको रकम प्रविष्टी हुन ६ महिना वा सो भन्दा पनि बढी समय लाग्ने गरेको पाइयो । कोषको मुख्य व्यवसाय पद्दति लाई बाह्य स्रोतबाट गराउनु, ६ महिना पहिले देखिको लाभार्थीले जम्मा गरेको रकमको अभिलेख राख्ने काम बक्यौता रहनु र रकम संकलन गर्ने बैंक खाताको बैंक रिकन्सिलेशन बिबरण समेत तयार गर्ने नगरिएकोले संचालन जोखिम बढ्ने हुँदा विस्तृत छानविन गर्नु पर्ने अवस्था देखिन्छ । यसको लागि सम्वन्धित पदाधिकारीलाई जिम्मेवार वनाउनुपर्दछ ।

## ४.१५ न्यासधारी उप समितिमा बिज्ञको उपस्थिति नरहेको

नागरिक लगानी कोष ऐनको दफा ४३ मा प्राबिधिक उप समितिको ब्यबस्था रहेको छ । कोषले सञ्चालन गरेको नागरिक एकांक योजना तथा लगानीकर्ता हिसाब योजनाको दक्ष ब्यबस्थापन र कोषले सञ्चालन गरेका यस्तै खालका अन्य योजनाहरू सञ्चालन गर्न प्राबिधिक समुह संलग्न राखि उप समितिको गठन गर्ने ब्यबस्था भएको देखिदैन । यस्ता कार्य सञ्चालनमा बिश्लेषण गर्न सक्ने योग्यता पुगेका बिज्ञहरू संलग्न रहेको अबस्था देखिदैन । (Financial Analyst) को प्रतिबेदन नलिई ठूलो निर्णय गर्नु उचित हुंदैन । ब्यबस्थापन बिनियमावली, २०४८ को दफा ३१ मा उल्लेख भएको र ऐनको दफा ४३ बमोजिम नागरिक एकांक योजना तथा लगानीकर्ता बचत हिसाबको दक्ष ब्यबस्थापनको निमित्त सञ्चालक समितिले एक न्यासधारी प्राबिधिक उप समिति गठन गर्न सक्ने ब्यबस्था छ । कम्तिमा दुई जना सदस्य बित्त, अर्थ बाणिज्य वा लेखा वा कानुनमा स्नातक भई पुँजी बजार सम्बन्धि खनुभवी र दुई जना बिभागिय प्रमुख संलग्न रहने ब्यवस्था रहेको छ । यो ब्यवस्थाको पालना भएको देखिदैन ।

## ४.१६ प्रतिबेदन र नीतिगत बिषय नेपाल सरकारमा पेस नगरेको ।

दफा ४७ बमोजिम कोषले आ.ब. समाप्त भएको नौ महिना भित्र लेखा परिक्षणको प्रतिबेदन र कोषको काम तथा कारोबारसंग सम्बन्धित कुराको एकिकृत प्रतिवेदन (Composit Report) नेपाल सरकार समक्ष पेश गर्नु पर्नेमा सो भएको देखिदैन । ऐनको दफा १९ (१) मा लगानीकर्ता हिसाब योजनामा कोषले

प्रत्येक आ.ब. मा दिने प्रतिफल दर नेपाल सरकारले समय समयमा सुचना प्रकाशित गरी तोकिदिए बमोजिम हुने व्यबस्था रहेतापनि प्रस्तुत सन्दर्भमा नेपाल सरकारले तोकेको अवस्था देखिदैन । दफा १९ को ३ बमोजिमको प्रतिफल दिन नेपाल सरकारले प्रतिबध्दता गरेको छ । बीमा योजना लगायत अन्य महत्वपुर्ण नीतिगत निर्णयमा सरकारको सहमति वा स्वीकृति लिएको अबस्था देखिदैन । नीतिगत निर्णयमा नेपाल सरकार समाबेश नभएको बिषयमा जिम्मेवारीमा मात्र समाबेश हुनु उपयुक्त देखिएन ।

४.१७ नेपाल बायुसेवा निगमलाई बिमान खरिदका लागी ऋण लगानी सम्बन्धमा ।

मिति २०७४ बैशाख १७ गते बसेको सञ्चालक समितिको २१७४ को निर्णय बमोजिम ना.ल. कोष ऐन, २०४७ तथा व्यवस्थापन बिनियमावली, २०४८ बमोजिम कोषलाई नेपाल सरकारको निर्देशनको अधिनमा रही एयरबस खरिदको लागि आवश्यक पर्ने रकम मध्ये कोषको तर्फबाट रू १२ अर्व ऋण रकम १५ बर्ष अबधिको लागि त्रैमासिक रूपमा सांवा ब्याज भुक्तानी हुने गरी बार्षिक नौ प्रतिशत ब्याजदरमा समयकालिन ऋण लगानी गर्ने सम्बन्धमा आवश्यक निर्णयको लागि व्यवस्थापनको सिफारीसमा सञ्चालक समितिबाट निर्णय भएको देखिन्छ । ब्याज दर तय गर्दा कुनै बिश्लेषण भएको देखिदैन ।

४.१८ घर जग्गा कर लगायत तिरो तिरान

मिति २०७३।०३।१२ मा महानगरपालिकालाई कामनपा वडा नं २४ स्थित कि.नं २२४,४० र २५४ मा घर जग्गा कर दायित्व निर्धारण गरिएको छ । तिर्नु पर्ने दायित्व भएको रू ४२,२८४,९०१।३८ मध्ये अग्रिम भुक्तानी गरिएको रकम रू २१,१४५,०५५।६९ घटाइ बांकी रू. २१,१३९,८४५।६९ मिति २०७३।०३।१२ मा भुक्तानी पठाईएको छ । कुल भुक्तानी मध्ये रू ५,६००। जरिवाना समेत संलग्न रहेको र समयमै यस्ता अनिबार्य दायित्व भुक्तानी गरेको भए जरिवाना तिर्नु नपर्ने हुदा सो रकम भुक्तनी ढिलाई गर्ने कर्मचारीबाट असुल गर्नुपर्दछ । घर जग्गाको कर लगायत सबै जग्गाको मालपोत समयमा नतिरेकोले भबिष्यमा भुक्तानी गर्दा जरिवाना व्ययभार पर्ने अवस्था देखिएको छ ।

४.१९ नेपाल राष्ट बैंक संग सोधभर्ना

नेपाल राष्ट्र बैंकबाट सोधभर्ना प्राप्त हुनु पर्ने रकम रू १ करोड ४९ लाख ग्राहकहरूलाई भुक्तानी गरेको ऋण पत्र /बचतपत्रको सावां र ब्याज रकमको ब्यक्तिगत अभिलेख राखि सोको आधारमा बिबरण तयार गरी नेपाल राष्ट्र बैंकबाट अद्यावधिक रूपमा सोधभर्ना लिने कार्य गरेको छैन । सोधभर्ना लिने कार्य नगर्ने सम्वन्धित पदाधिकारीलाई जिम्मेवार वनाउनु पर्दछ ।

४.२० ब्याज आम्दानी

कोषले पिपुल्स फाइनान्स लि. मा रहेको निक्षेप बापतको सांवा रकम प्राप्त भएतापनि पाउनु पर्ने ब्याज रू १ करोड ७८ लाख प्राप्त भएको छैन । सावां असुल गरेपछि पनि ब्याज असुल गर्न बांकी राख्ने सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाइनु पर्ने व्यहोरा गत बर्षको प्रतिबेदनमा उल्लेख गरिएकोमा अवस्था यथाबत रहेकोले यस सम्वन्धमा संचालक समितिका पदाधिकारीलाई जिम्मेवार वनाउनु पर्ने अवस्था देखियो ।

४.२१ **NFRS** कार्यान्वयन सम्बन्धमा:

कोषले तयार गरेको वित्तिय विवरणहरू नेपाल लेखामान बोर्ड (Accounting Standard Board of Nepal) बाट जारी नेपाल वित्तिय प्रतिवेदनमानहरू (Nepal Financial Reporting Standard)अनुसार छैनन् जुन सुचिकृत सार्बजनिक संस्थाको लागी आ.व. २०७२।७३ देखि लागू गरिएको छ ।

४.२२ **कर्मचारी उपदान रकमको बास्तबिक अनुमान सम्बन्धमा** :कर्मचारी उपदान व्यवस्था दीर्घकालीन सुविधा भएकाले नेपाल लेखामान अनुसार Acturial Valuation गराउनु पर्ने देखिन्छ । Acturial Valuation को प्रतिवेदन बिना व्यवस्था गरिएकोले रकम पर्याप्त छ/छैन एकिन हुन सक्ने अबस्था छैन ।

४.२३ **प्राप्त हुन बाँकी ब्याज :**

कोषको केन्द्रिय हिसाब तथा कोषले संचालन गरेका योजना तथा कार्यक्रमहरूमा कुल प्राप्त हुन बाँकी ब्याज रू. ४अर्ब ७२ करोड ९ लाख ( केन्द्रिय हिसाबको २ करोड ९४ लाख ) मध्ये समस्याग्रस्त वित्तिय संस्थामा मुद्धती निक्षेप लगानीको ब्याज ६३ करोड २ लाख (केन्द्रिय हिसाबको २ करोड ६२ लाख ) असुल उपर तर्फ पहल भएको पाइएन । असुल उपर नगर्ने सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

४.२४ **जिन्सी मौज्दात कायम नगरेको**

कोषले खरीद गरेका खर्च भएर जाने जिन्सी मालसामान खरिद भई स्टोरमा दाखिला गरीएको दाखिला प्रतिवेदन को आधारमा लेखाबाट भुक्तानी गरी खर्च लेख्ने गरेको देखिन्छ । खरिद भएको माल समानको मूल्य खुलाई जिन्सी मौज्दातमा आम्दानी गरी माग फाराम स्वीकृत भई स्टोरबाट निकासी भएपछि मात्र खर्च लेख्नु पर्नेमा खरिद गर्दाकै अवस्थामा सम्बन्धित शिर्षकहरूमा खर्च लेखांकन गर्ने गरेकोले जिन्सी मौज्दात शून्य हुने गरेको देखिन्छ । यसबाट खरिद भएका माल सामानको समुचित प्रयोगको आधार नहुने र सर्बमान्य सिद्धान्त अनुरूपको लेखा नराखेकोले वित्तीय विवरणमा वास्तविक खर्च चित्रण नहुने स्थिति रहेको देखिन्छ ।

४.२५ **कर्मचारी बोनस बितरण**

वोनश ऐन, २०३० को दफा ७ मा बोनसको किसिम र सो वितरण गर्ने अवधिको व्यवस्था रहेको छ । उक्त व्यवस्था अनुसार वोनश ऐन अर्न्तगत वितरण गरिने वोनश नगदको रूपमा वितरण गर्नुपर्ने र आर्थिकः बर्ष समाप्त भएको आठ महीनाभित्र बोनस वितरण गर्नुपर्छ भन्ने व्यवस्था रहेको छ । साथै यस्तो वोनश आर्थिक बर्ष समाप्त भएको आठ महिना भित्र वितरण गर्न नसक्ने भएमा सोको कारण उल्लेख गरी श्रम कार्यालय समक्ष निवेदन गरेमा श्रम कार्यालयले बढीमा ३ महिना म्याद बढाई दिने गरी वा अर्को आर्थिक बर्षमा एकै साथ दुई बर्षको बोनस बांड्ने स्वीकृति दिन सक्ने व्यवस्था रहेको छ । यस्तो प्रावधानको विपरीत कोषले आर्थिक बर्ष २०७०।७१ को कर्मचारी वोनश व्यवस्था वापतको रकम दुई बर्ष पछि आ.ब. २०७३।०९।२७ मा बढी वितरण गरिएको वोनस रू.४४६,५२१।५१ वोनश ऐन २०३० विपरीत देखिन्छ । उक्त रकम असुलउपर गरी कोषमा आम्दानी वाध्न सम्बन्धित कर्मचारीलाई जिम्मेवार वनाउनुपर्दछ ।

४.२६ **प्रस्तावित लाभांश तथा वोनस**

चालु आर्थिक बर्षमा खुद मुनाफा रू. २९,६२,००,४३३।०० आर्जन गरेकोमा २० प्रतिशत साधारण जगेडा कोषमा छुट्याई शेयरधनीहरूलाई २२.०६ प्रतिशत लाभांश बापतको बोनस शेयर वितरण गर्न प्रस्ताव गरेको देखिन्छ । त्यस्तै कर्मचारीहरूको लागि रू.३,१९,४७,०४२।०० वोनस व्यवस्था गरेको पाईयो । केन्द्रीय कोषले अन्य कोषहरू

व्यवस्थापन गरेवापत नियमानुशार प्राप्त गर्ने सेवा शुल्क नै मुख्य आम्दानीको श्रोत हो । अन्य कोषहरूको अपरिस्कृत वित्तीय विवरणको आधारमा केन्द्रीय कोषले सेवा शुल्क आम्दानी वाध्ने, बैंक हिसाव मिलान नगर्ने, कोषहरू वीचको लिनुदिनु पर्ने हिसावको यकिन बर्षौ देखि नगर्ने स्थिती रहेकोले वित्तीय विवरणले यथार्थ नाफा चित्रण नगर्ने अवस्थामा कोषले वोनस र लाभांश प्रस्ताव गरी वितरण गर्नु नियम संगत हुदैन । बैक हिसाव मिलान तथा कोषहरू वीचको हिसाव मिलान गर्दा दायित्वको सृजना भएमा वा खर्च लेख्नुपर्ने भई नोक्सानीको अवस्था परेमा कोषलाई नोक्सानी पर्न सक्ने अवस्था देखिन्छ । अत: कोषको सम्पूर्ण हर हिसाव चुस्त दुरूस्त राख्ने, बैक हिसाव मिलान गर्ने तथा विभिन्न कोषहरू विचको लिनु दिनुपर्ने हिसाव मिलान गरी कोषको वित्तीय विवरणले यथार्थ चित्रण नगरेसम्म वोनस तथा लाभांश वितरण गर्ने कार्य स्थगन गर्न कोषका पदाधिकारीलाई जिम्मेदार बनाउनु पर्ने देखिन्छ ।

४.२७ शुल्क तथा जरिवाना सम्बन्धमा

कोषले आ.ब. २०६९/७०, २०७०/७१, २०७१/७२ र २०७२/७३ सम्मको आय विवरण आन्तरिक राजश्व विभागमा बुझाएको देखिदैन । समयमा नबुझाए वापत आयकर ऐन, २०५८ को दफा ११७, ११८ र ११९ अनुसार विलम्ब शुल्क, जरिवाना र ढीलो विवरण बुझाउँदा लाग्ने ब्याज रकमको खर्च ब्यवस्था सिर्जना गरेको पाइएन । यसरी समयमानै कर दायित्व वापतको रकम एकिन गरी भुक्तानी नगर्दा आयकर ऐन २०५८ को दफा ११७ अनुसार विलम्ब शुल्क तथा जरिवानाले कोषलाई बढी आर्थिक भार हुंदा कर दायित्व वापतको रकम एकिन हुनुपर्ने देखिन्छ ।

५ व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

६. कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रूपमा हाम्रो रायमा , माथि बुंदा नं. ४ अर्न्तगत औंल्याएका विषयले वित्तिय विवरणहरूमा पर्ने असरबाहेक, संलग्न वित्तिय विवरणले कोषको २०७४ आषाढ मसान्तको वित्तिय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको आय व्यय हिसाब, नगद प्रवाह र इक्वीटीमा भएको परिवर्तनले नेपाल लेखामान बमोजिम सहि र यथार्थ चित्रण गर्दछ ।

ईश्वर नेपाल
(उप-महालेखापरीक्षक)

# नागरिक लगानी कोष

## केन्द्रीय हिसाब

## २०७४ आषाढ मसान्तको वासलात

| सि.नं. | बिबरण | अनुसूची | चालु बर्ष (रू.) | गत बर्ष (रू.) |
|---|---|---|---|---|
| | **कोषको श्रोत** | | | |
| १ | **शेयरवालाको कोष** | | | |
| | पूंजी | १ | ९०३,१२३,१४५ | ७४०,२६४,८७३ |
| | जगेडा तथा मुनाफा | २ | ५४५,७५४,५६६ | ४४१,३२५,५२० |
| | **कूल श्रोत :** | | **१,४४८,८७७,७११** | **१,१८१,५९०,३९३** |
| | **कोषको उपयोग** | | | |
| १ | स्थिर सम्पत्ति | ३ | ८६०,३६५,३५७ | ८४४,१०४,८०४ |
| | न्यून : ह्रास | | (४७,६८९,८४३) | (३९,२९४,८२२) |
| | खूद मोल | | **८१२,६७५,५१४** | **८०४,८०९,९८२** |
| २ | लगानी | ४ | १४६,१२७,०८० | १४६,०९७,८७८ |
| | लगानी जोखिम व्यवस्था खर्च | | (३१,९६४,२१०) | (३१,९६४,२१०) |
| | **खूद लगानी** | | **११४,१६२,८७०** | **११४,१३३,६६८** |
| ३ | **चालू सम्पती** | | | |
| | लिनुपर्ने हिसाब | ५ | १,४२७,४५७,८०७ | १,२८२,४४८,०१८ |
| | नगद तथा बैंक मौज्दात | ६ | ८७,७८५,२६० | १,०००,३६८,३८४ |
| | पेश्की, सापटी र धरौटी | ७ | ७४,०२८,१९७ | ६०,५७२,३२७ |
| | **जम्मा चालू सम्पत्ति** | | **१,५८९,२७१,२६४** | **२,३४३,३८८,७२९** |
| ४ | चालु दायित्व एवं व्यवस्था | | | |
| | (क) चालु दायित्व | ८ | ८६४,००६,६९९ | १,९२८,३४६,६४३ |
| | (ख) व्यवस्था तथा अन्य दायित्व | ९ | २०३,२२५,२३८ | १५२,३९५,३४४ |
| | **जम्मा चालू दायित्व** | | १,०६७,२३१,९३७ | २,०८०,७४१,९८७ |
| ५ | खूद चालू सम्पत्ति (३-४) | | **५२२,०३९,३२७** | **२६२,६४६,७४२** |
| | **कूल उपयोग :** | | **१,४४८,८७७,७११** | **१,१८१,५९०,३९३** |
| | लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरू | १० | | |

संलग्न प्रतिवेदनको आधारमा

अनुसूचीहरू तथा लेखा सम्बन्धी टिप्पणीहरू यस वित्तीय विवरणका अभिन्न अंग हुन ।

| | | | |
|---|---|---|---|
| ............ | ............ | ............ | ............ |
| **(महाश्रम शर्मा)** | **(अनिल पौडेल)** | **(गोविन्द शर्मा गैह्रे)** | **(ईश्वर नेपाल)** |
| अध्यक्ष | चार्टर्ड एकाउन्टेण्ट<br>लेखापरीक्षक<br>मिति: | चार्टर्ड एकाउन्टेण्ट<br>लेखापरीक्षक<br>मिति: | उप–महालेखापरीक्षक<br><br>मिति: |
| ............ | ............ | ............ | ............ |
| **(शंकर प्रसाद खरेल)** | **(सुरेन्द्र थापा)** | **(चन्द्र सिंह साउद)** | **(कमलेश कुमार अग्रवाल)** |
| संचालक | संचालक | संचालक | संचालक |
| ............ | ............ | ............ | ............ |
| **(अशोक बुढाथोकी)** | **(रामकृष्ण पोखरेल)** | **(सुशीलकुमार अर्याल)** | **(अमृत बहादुर अधिकारी)** |
| संचालक | कार्यकारी निर्देशक | मुख्य–व्यवस्थापक | उप-व्यवस्थापक |

**नागरिक लगानी कोष**

**केन्द्रीय हिसाब**

**२०७३ श्रावण १ गतेदेखि २०७४ आषाढ मसान्त सम्मको**

**आय/ब्यय हिसाब**

| सि.नं. | बिबरण | अनुसूची | चालु बर्ष (रू.) | गत बर्ष (रू.) |
|---|---|---|---|---|
| १ | ब्याज आम्दानी | ११ | १३,४५६,५२३ | १४,७२७,७९२ |
| २ | सेवा शुल्क तथा कमिशन आम्दानी | १२ | ५६९,०८६,६०१ | ४६५,५१८,१४९ |
| ३ | लाभांश आम्दानी | | ११,९३४,७३३ | १२,४४८,४३८ |
| ४ | बिबिध आम्दानी | | ६३१,०६१ | २,७३६,२१० |
| | **कूल आम्दानी (क)** | | **५९५,१०८,९१८** | **४९५,४३०,५८९** |
| १ | व्यवस्थापन खर्च | १३ | १३०,६५०,३४४ | १२६,९७८,६०१ |
| २ | ह्रास कट्टी खर्च | ३ | ८,३९५,०२१ | ६,९२०,६५० |
| ३ | लगानी नोक्सानी व्यवस्था खर्च | ४ | – | ५३,३२१ |
| ४ | कर्मचारी उपदान व्यवस्था | | १२,६०७,५७८ | १,४९८,५५२ |
| ५ | कर्मचारी औषधोपचार व्यवस्था | | ५,२४३,४९७ | – |
| ६ | संचित बिदा व्यवस्था | | ६,९२७,४१७ | ७,११२,६५९ |
| ७ | कर्मचारी बोनस व्यवस्था | | ३१,९४७,०४१ | २६,१३८,२८२ |
| | **कूल खर्च (ख)** | | **१९५,७७०,८९८** | **१६८,७०२,०६५** |
| | **कर अगाडीको खुद नाफा (क-ख)** | | **३९९,३३८,०२०** | **३२६,७२८,५२४** |
| | यस बर्षको आय कर व्यवस्था | | १०३,०४५,४४५ | ८४,७४५,११६ |
| | यस बर्षको स्थगन कर खर्च (आम्दानी) | | (२,९६८,९६१) | – |
| | गत बर्षको आयकर खर्च व्यवस्था | | ६,८६८,८४९ | ४,७६१,८५७ |
| | **खूद नाफा वांडफांड हिसाबमा सारेको** | | **२९२,३९२,६८७** | **२३७,२२१,५५१** |

संलग्न प्रतिवेदनको आधारमा

अनुसूचीहरू तथा लेखा सम्वन्धी टिप्पणीहरू यस वित्तीय विवरणका अभिन्न अंग हुन ।

............................
**(महाश्रम शर्मा)**
अध्यक्ष

..............................
**(अनिल पौडेल)**
चार्टर्ड एकाउन्टेण्ट
लेखापरीक्षक
मिति:

...........................
**(गोविन्द शर्मा गैह्रे)**
चार्टर्ड एकाउन्टेण्ट
लेखापरीक्षक
मिति:

.................................
**(ईश्वर नेपाल)**
उप–महालेखापरीक्षक
मिति:

...................................
**(शंकर प्रसाद खरेल)**
संचालक

..............................
**(सुरेन्द्र थापा)**
संचालक

..................................
**(चन्द्र सिंह साउद)**
संचालक

....................................
**(कमलेश कुमार अग्रवाल)**
संचालक

...................................
**(अशोक बुढाथोकी)**
संचालक

...........................
**(रामकृष्ण पोखरेल)**
कार्यकारी निर्देशक

..........................
**(सुशीलकुमार अर्याल)**
मुख्य–व्यवस्थापक

.......................................
**(अमृत बहादुर अधिकारी)**
उप-व्यवस्थापक

**नागरिक लगानी कोष**
**केन्द्रीय हिसाब**
**आ.ब.२०७३।७४**
**इक्वीटीमा भएको परिवर्तन सम्वन्धी विवरण**

| बिबरण | शेयर पुंजी | वोनस शेयर | सञ्चित ना.नो | साधारण जगेडा कोष | अन्य जगेडा कोष | कुल रकम |
|---|---|---|---|---|---|---|
| शुरूको मौज्दात | ७४०,२६४,८७३ | १६२,८५८,२७२ | ८,५०९,३४७ | २६४,८५७,९०१ | ५,१००,००० | १,१८१,५९०,३९३ |
| | | | | | | - |
| **यस आर्थिक बर्षको समायोजन** | | | | | | - |
| वोनस शेयर जारी | १६२,८५८,२७२ | (१६२,८५८,२७२) | | | | - |
| आ.व.७२।७३ को वोनस शेयर घोषणा | | १९९,२२८,९६६ | | | | १९९,२२८,९६६ |
| यस आर्थिक बर्षको खूद आम्दानी | | | २९२,३९२,६८७ | | | २९२,३९२,६८७ |
| गत बर्षको समायोजन | | | - | | | - |
| साधारण जगेडामा रकमान्तर | | | (५८,४७८,५३७) | ५८,४७८,५३७ | | - |
| प्रस्तावित नगद लाभांशमा रकमान्तर | | | (१०,४८५,७३५) | | | (१०,४८५,७३५) |
| प्रस्तावित वोनस शेयरमा रकमान्तर | | | (१९९,२२८,९६६) | | | (१९९,२२८,९६६) |
| कर्मचारी कल्याण कोषमा रकमान्तर | | | (१४,६१९,६३४) | | | (१४,६१९,६३४) |
| **जम्मा :** | **९०३,१२३,१४५** | **१९९,२२८,९६६** | **१८,०८९,१६२** | **३२३,३३६,४३८** | **५,१००,०००** | **१,४४८,८७७,७११** |

अनुसूचीहरू तथा लेखा सम्बन्धी टिप्पणीहरू यस वित्तीय विवरणका अभिन्न अंग हुन ।

संलग्न प्रतिवेदनको आधारमा

............................
**(महाश्रम शर्मा)**
अध्यक्ष

....................................
**(अनिल पौडेल)**
चार्टर्ड एकाउन्टेण्ट
लेखापरीक्षक
मिति

....................................
**(गोविन्द शर्मा गैह्रे)**
चार्टर्ड एकाउन्टेण्ट
लेखापरीक्षक
मिति

.................................
**(ईश्वर नेपाल)**
उप–महालेखापरीक्षक
मिति:

........................................
**(शंकर प्रसाद खरेल)**
संचालक

.................................
**(सुरेन्द्र थापा)**
संचालक

....................................
**(चन्द्र सिंह साउद)**
संचालक

...................................
**(कमलेश कुमार अग्रवाल)**
संचालक

...................................
**(अशोक बुढाथोकी)**
संचालक

..............................
**(रामकृष्ण पोखरेल)**
कार्यकारी निर्देशक

....................................
**(सुशीलकुमार अर्याल)**
मुख्य–व्यवस्थापक

..............................
**(अमृत बहादुर अधिकारी)**
उप-व्यवस्थापक

# नागरिक लगानी कोष
## केन्द्रीय हिसाब
## आ.ब.२०७३।०७४
## आम्दानी वांडफांड हिसाब बिबरण

| बिबरण | चालु बर्ष (रू.) | गत बर्ष (रू.) | बिबरण | चालु बर्ष (रू.) | गत बर्ष (रू) |
|---|---|---|---|---|---|
| साधारण जगेडा | ५८,४७८,५३७ | ४७,४४४,३१० | गत बर्ष बांकी आम्दानी | ८,५०९,३४७ | २,१५२,६२० |
| प्रस्तावित नगद लाभांश | १०,४८५,७३५ | ८,५७१,४८८ | गत बर्षको समायोजन | – | (१२९,६७५) |
| प्रस्तावित बोनश शेयर | १९९,२२८,९६६ | १६२,८५८,२७२ | यस बर्षको आम्दानी | २९२,३९२,६८७ | २३७,२२१,५५१ |
| कर्मचारी कल्याण कोष व्यवस्था | १४,६१९,६३४ | ११,८६१,०७८ | | – | – |
| वांकी वासलातमा सारेको | १८,०८९,१६२ | ८,५०९,३४७ | | – | – |
| **जम्मा :** | **३००,९०२,०३४** | **२३९,२४४,४९५** | **जम्मा :** | **३००,९०२,०३४** | **२३९,२४४,४९५** |

संलग्न प्रतिवेदनको आधारमा

अनुसूचीहरू तथा लेखा सम्बन्धी टिप्पणीहरू यस वित्तीय विवरणका अभिन्न अंग हुन ।

............................
**(महाश्रम शर्मा)**
अध्यक्ष

....................................
**(अनिल पौडेल)**
चार्टर्ड एकाउन्टेण्ट
लेखापरीक्षक
मिति:

....................................
**(गोविन्द शर्मा गैह्रे)**
चार्टर्ड एकाउन्टेण्ट
लेखापरीक्षक
मिति:

.................................
**(ईश्वर नेपाल)**
उप–महालेखापरीक्षक
मिति:

......................................
**(शंकर प्रसाद खरेल)**
संचालक

..................................
**(सुरेन्द्र थापा)**
संचालक

.....................................
**(चन्द्र सिंह साउद)**
संचालक

.................................
**(कमलेश कुमार अग्रवाल)**
संचालक

................................
**(अशोक बुढाथोकी)**
संचालक

..............................
**(रामकृष्ण पोखरेल)**
कार्यकारी निर्देशक

..........................
**(सुशीलकुमार अर्याल)**
मुख्य–व्यवस्थापक

........................................
**(अमृत बहादुर अधिकारी)**
उप-व्यवस्थापक

## नागरिक लगानी कोष
## केन्द्रीय हिसाब
## आर्थिक बर्ष २०७३।०७४
## नगद प्रवाह बिबरण

| बिबरण | चालु बर्ष (रू.) | गत बर्ष (रू.) |
|---|---|---|
| **(क) संचालन गतिबिधीबाट नगद प्रवाह** | | |
| आयकर अगाडिको खूद नाफा | ३९९,३३८,०२० | ३२६,७२८,५२४ |
| **समायोजन:** | | |
| जोडने : ह्रास कट्टी | ८,३९५,०२१ | ६,९२०,६५० |
| लगानी नोक्सानी व्यवस्था खर्च | – | ५३,३२१ |
| स्थगन कर | २,९६८,९६१ | – |
| घटाउने : लाभांश आम्दानी | (११,९३४,७३३) | (१२,४४८,४३८) |
| **कार्यशिल पूंजीमा समायोजन** | | |
| जिन्सी मौज्दातमा कमि/(बृद्धि) | | – |
| पेश्की सापटी धरौटीमा कमि/(बृद्धि) | (१३,४५५,८७०) | (१,६४९,१२६) |
| लिनुपर्ने हिसाबमा कमि/(बृद्धि) | (१४५,००९,७८९) | (१,२९८,६४६,४००) |
| चालु दायित्वमा (कमि)/बृद्धि | (१,०६४,३३९,९४४) | (३६३,१०१,७१६) |
| व्यवस्था हिसाबमा (कमि)/बृद्धि | (८४,१८९,७६९) | ३५३,९४७,५५२ |
| **कूल संचालन गतिविधिबाट नगद प्रवाह:** | **(९०८,२२८,१०३)** | **(९८८,१९५,६३३)** |
| **(ख) लगानी गतिविधिबाट नगद प्रवाह** | | |
| लाभांश आम्दानी | ११,९३४,७३३ | १२,४४८,४३८ |
| स्थगित आयगत खर्चमा कमि/(बृद्धि) | – | – |
| लगानीमा कमि/(बृद्धि) | (२९,२०२) | – |
| अचल सम्पतीमा कमि/(बृद्धि) | (१६,२६०,५५३) | (७४०,९११,४९९) |
| **कुल लगानी गतिविधिबाट नगद प्रवाह :** | (४,३५५,०२२) | **(७२८,४६३,०६१)** |
| **(ग) बित्तिय गतिबिधिबाट नगद प्रवाह** | | |
| पूंजी बृद्धि/(कमी) | – | – |
| **कूल वित्तीय गतिबिधिबाट नगद प्रवाह:** | – | – |
| **कुल गतिबिधिबाट नगद प्रवाह** (क+ख+ग) | (९१२,५८३,१२५) | **(१,७१६,६५८,६९४)** |
| **जोडने : गत बर्षको बैंक तथा नगद मौज्दात** | १,०००,३६८,३८४ | **२,७१७,०२७,०७८** |
| **कूल नगद तथा बैंक मौज्दात:** | **८७,७८५,२६०** | **१,०००,३६८,३८४** |

संलग्न प्रतिवेदनको आधारमा

अनुसूचीहरू तथा लेखा सम्बन्धी टिप्पणीहरू यस वित्तीय विवरणका अभिन्न अंग हुन ।

| | | | |
|---|---|---|---|
| ............................ | ................................... | ................................... | ................................ |
| **(महाश्रम शर्मा)** | **(अनिल पौडेल)** | **(गोविन्द शर्मा गैह्रे)** | **(ईश्वर नेपाल)** |
| अध्यक्ष | चार्टर्ड एकाउन्टेण्ट | चार्टर्ड एकाउन्टेण्ट | उप–महालेखापरीक्षक |
| | लेखापरीक्षक | लेखापरीक्षक | |
| | मिति | मिति | मिति |
| ....................................... | ................................. | ................................... | ................................... |
| **(शंकर प्रसाद खरेल)** | **(सुरेन्द्र थापा)** | **(चन्द्र सिंह साउद)** | **(कमलेश कुमार अग्रवाल)** |
| संचालक | संचालक | संचालक | संचालक |
| .................................. | .............................. | ................................... | ....................................... |
| **(अशोक बुढाथोकी)** | **(रामकृष्ण पोखरेल)** | **(सुशीलकुमार अर्याल)** | **(अमृत बहादुर अधिकारी)** |
| संचालक | कार्यकारी निर्देशक | मुख्य–व्यवस्थापक | उप-व्यवस्थापक |

**नागरिक लगानी कोष**
**केन्द्रीय हिसाब**
**२०७४ आषाढ मसान्तको**

**अनूसुची १ : शेयर पुंजी**

| | विवरण | चालू बर्ष (रु.) | गत बर्ष (रु.) |
|---|---|---|---|
| १ | अधिकृत पूंजी १५,०००,००० साधारण शेयर प्रति शेयर रू.१०० का दरले | १,५००,०००,००० | १,५००,०००,००० |
| २ | जारी पूंजी १००,००,००० साधारण शेयर प्रति शेयर रू.१०० का दरले | १,०००,०००,००० | १,०००,०००,००० |
| ३ | चुक्ता पुजी ९०,३१,२३१।४५ शेयर प्रति शेयर रू.१०० का दरले चुक्ता | ९०३,१२३,१४५ | ७४०,२६४,८७३ |
| | जम्मा | **९०३,१२३,१४५** | **७४०,२६४,८७३** |

**अनूसुची २ : जगेडा एबं मूनाफा**

| | विवरण | चालू बर्ष (रु.) | गत बर्ष (रु.) |
|---|---|---|---|
| १ | साधारण जगेडा | ३२३,३३६,४३८ | २६४,८५७,९०१ |
| २ | बांडफांड गर्न बांकी खुद आम्दानी | १८,०८९,१६२ | ८,५०९,३४७ |
| ३ | अन्य जगेडा | ५,१००,००० | ५,१००,००० |
| ४ | प्रस्तावित वोनस शेयर | १९९,२२८,९६६ | १६२,८५८,२७२ |
| | **जम्मा :** | **५४५,७५४,५६६** | **४४१,३२५,५२०** |

नागरिक लगानी कोष
केन्द्रीय हिसाब
२०७४ आषाढ मसान्तको

अनूसुची ३ : स्थिर सम्पत्ति तथा ह्रासकट्टी बिबरण

| सि नं. | बिबरण | परल मुल्य | | | | ह्रास कट्टी | | | अन्तिम मुल्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७३।०४।०१ मा अ.ल्या | यस बर्ष | २०७४।३।३१मा जम्मा | ह्रास कट्टीदर | २०७३।०४।०१ मा. अ.ल्या. | यसबर्ष थप | २०७४।३।३१ मा जम्मा | २०७३।०४।१ परल मूल्य | २०७४।०३।३१ परल मूल्य |
| १ | जग्गा | ७६६,०४४,४६० | – | ७६६,०४४,४६० | | | | | ७६६,०४४,४६० | ७६६,०४४,४६० |
| २ | घर/निर्माण | १०,७७४,७६८ | ७१०,९२० | ११,४८५,६८८ | ५ | ५२५,१६९ | ५५१,३३३ | १,०७६,५०२ | १०,२४९,५९९ | १०,४०९,१८६ |
| ३ | कार्यालय फर्निचर | ७,८९६,०३६ | १,३६६,०४४ | ९,२६२,०८० | २५ | ५,३७४,५१३ | ९११,३१० | ६,२८५,८२३ | २,५२१,५२३ | २,९७६,२५७ |
| ४ | कार्यालय सरसामान | ३४,९४५,०९३ | ४,७७८,७४० | ३९,७२३,८३३ | २५ | २०,५००,४८७ | ३,९७९,४९७ | २४,४७९,९८४ | १४,४४४,६०६ | १५,२४३,८४९ |
| ५ | सवारी साधन | २२,७५२,९९७ | ७,४६७,२०० | ३०,२२०,१९७ | २० | १२,२५९,२७२ | २,६२७,१२६ | १४,८८६,३९८ | १०,४९३,७२५ | १५,३३३,७९९ |
| ६ | कम्प्यूटर पृणाली | १,६९१,४४९ | १,९३७,६५० | ३,६२९,०९९ | २० | ६३५,३८० | ३२५,७५६ | ९६१,१३६ | १,०५६,०६९ | २,६६७,९६३ |
| | जम्मा : | **८४४,१०४,८०३** | **१६,२६०,५५३** | **८६०,३६५,३५७** | | **३९,२९४,८२२** | **८,३९५,०२१** | **४७,६८९,८४३** | **८०४,८०९,९८२** | **८१२,६७५,५१४** |

**नागरिक लगानी कोष**
**केन्द्रीय हिसाब**
२०७४ आषाढ मसान्तको
लगानीको विस्तृत विवरण

**अनुसुची ४.१ : लगानी**

| सि.नं | विवरण | चालू बर्ष (रु.) | व्याज दर | लगानी मिति | समाप्त मिति | लगानी जोखिम व्यबस्था यस बर्षको | कुल लगानी जोखिम व्यबस्था |
|---|---|---|---|---|---|---|---|
| | मुद्दती निक्षेप | | | | | | |
| १ | नेपाल शेयर मार्केट्स लि. | ३०,०००,०००।०० | १४।२५ | २०६७।१०।२४ | २०६८।१०।२३ | ६,०००,०००।०० | ३०,०००,०००।०० |
| २ | नागरिक एकांक योजना | ५,०००,०००।०० | ८।०० | २०५२।०४।०१ | - | | |
| | **जम्मा (क):** | **३५,०००,०००।००** | | | | | |

| सि.नं | विवरण | कित्ता | | | परल मुल्य प्रति शेयर | जम्मा परल मुल्य | बजार मुल्य प्रति शेयर | जम्मा वजार मुल्य | लगानी जोखिम व्यबस्था | चालू बर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | शेयर लगानी : | साधारण | वोनस | जम्मा | | | | | | |
| १ | नेपाल स्टक एक्सचेन्ज लि | ५० | २३६ | २८६ | १२३।६४ | ६,१८२ | - | - | | |
| २ | बिजनेस यूनिभर्सल डे.बैकं (हाल सिद्धार्थ बैंक) | २१,०७३ | १५,८५६ | ३६,९२९ | ८०।६५ | १,६९९,६०० | ४७० | १७,३५६,६३० | | |
| ३ | बैंक अफ काठमाण्डु | १,६४७ | ५,८५४ | ७,५०१ | २८२।६८ | ४६५,५७२ | ४८८ | ३,६६०,४८८ | | |
| ४ | प्रिमियर ईन्स्योरेन्स लि. | ७६२ | १८० | ९४२ | ९९।९५ | ७६,१६० | १,८५० | १,७४२,७०० | | |
| ५ | एभरेष्ट ईन्स्योरेन्स लि. | ७२ | १७० | २४२ | १००।०० | ७,२०० | २,७३० | ६६०,६६० | | |
| ६ | नारायणी नेशनल फाइनान्स लि. | २,१०३ | ४३२ | २,५३५ | ९८।८१ | २०७,८०० | ३८८ | ९८३,५८० | | |
| ७ | यूनिलिभर लि. | ८,९०० | - | ८,९०० | ३४०।१३ | ३,०२७,१५७ | ३०,००१ | २६७,००८,९०० | | |
| ८ | एलायन्स इन्स्योरेन्स लि. (हाल प्रभु इन्स्योरेन्स) | १४,९११ | ५,४४१ | २०,३५२ | १००।०० | १,४९१,१०० | १,२०० | २४,४२२,४०० | | |
| ९ | सिटिजन इन्टरनेशनल बैक | १९ | ३ | २२ | - | - | ३९२ | ८,५८५ | - | |
| १० | सिटिजन इन्टरनेशनल बैक प्रमोटर | ४५० | ७८ | ५२८ | ६७९।३३ | ३०५,७०० | ३९२ | २०६,९७६ | ३६,८०० | |
| ११ | लूम्बीनी बैंक लि.संस्थापक | ४५५,००० | १८६,७२८ | ६४१,७२८ | १०१।८७ | ४६,३५१,३०० | ४८८ | ३१३,१६३,२६४ | | |
| १२ | लूम्बीनी बैंक लि. | ८,५१३ | ३,५३२ | १२,०४५ | - | - | ४८८ | ५,८७७,९६० | | |
| १३ | लूम्बीनी फा.एण्ड लिजिंग | १५८ | ३५१ | ५०९ | ७७।२२ | १२,२०० | २२७ | ११५,५४३ | | |
| १४ | एन.आई.सि.बैंक लि. (हाल एन.आई.सि.एसिया बैंक लि.) | २६३ | २७३ | ५३६ | २३१।१८ | ७०,७९९ | ४६८ | २५०,८४८ | | |
| १५ | इन्टरनेशनल लिजिंग एण्ड फा. | ६,६१६ | ८० | ६,६९६ | १००।०० | ६६१,६०० | २५३ | १,६९४,०८८ | | |
| १६ | हिमालयन बैंक लि. | १९२ | १,१४३ | १,३३५ | १०० | १९,२०० | ९१५ | १,२२१,५२५ | | |
| १७ | बुटवल पावर कम्पनी लि. | २९,००० | २०,१४५ | ४९,१४५ | ४५५।१६ | १३,१९९,६८० | ६५४ | ३२,१४०,८३० | | |
| १८ | नेपाल टेलिकम कं. लि. | ५,००० | - | ५,००० | ६००।०० | ३,०००,००० | ७१२ | ३,५६०,००० | | |
| १९ | नेपाल टेलिकम कं. लि. प्रमोटर शेयर | ५०,००० | - | ५०,००० | १००।०० | ५,०००,००० | ७१२ | ३५,६००,००० | | |
| २० | एपेक्स डेभलेपमेन्ट बैंक लि.(हाल एनसिसि बैंक लि.) | २५९,१२० | ७०,५१६ | ३२९,६३६ | १००।०० | २५,९१२,००० | ३७५ | १२३,६१३,५०० | | |
| २१ | प्राईम कमर्सियल बैक लि. | १,२०३ | ४३३ | १,६३६ | २१०।५० | २५३,२३५ | ४५५ | ७४४,३८० | | |
| २२ | नेपाल इन्भेष्टमेन्ट बैक लि. | २०,९३९ | १४,६३२ | ३५,५७१ | ३५७।५४ | ७,४८६,५०३ | ७७० | २७,३८९,६७० | | |
| २३ | अन्य शेयर लगानी | १९,५९० | - | १९,५९० | ४५१,६५० | १,८७४,०९० | | - | १,९२७,४११ | |
| | **जम्मा (ख) :** | ९०५,५८१ | | | | **१११,१२७,०८०** | | **८६१,४२२,५२७** | **१,९६४,२११** | **-** |
| | **कुल जम्मा (क)+(ख) :** | | | | | | | | | **१४६,१२७,०८०** |

| सि.नं | विवरण | गत बर्ष (रु.) | व्याज दर | लगानी मिति | समाप्त मिति | लगानी जोखिम ब्यबस्था यस बर्षको | कुल लगानी जोखिम ब्यबस्था |
|---|---|---|---|---|---|---|---|
| | मुद्दती निक्षेप | | | | | | |
| १ | नेपाल शेयर मार्केट्स लि. | ३००००००० | १४।२५ | २०६७।१०।२४ | २०६८।१०।२३ | ६०००००।०० | ३००००००।०० |
| २ | नागरिक एकांक योजना | ५०००००० | ८।०० | २०५२।०४।०१ | - | | |
| | **जम्मा (क):** | **३५००००००** | | | - | | |

| सि.नं | विवरण | कित्ता | | | परल मुल्य प्रति शेयर | जम्मा परल मूल्य | बजार मुल्य प्रति शेयर | जम्मा वजार मुल्य | लगानी जोखिम ब्यबस्था | गत वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | शेयर लगानी : गत वर्ष | साधारण | वोनस | जम्मा | | | | | | |
| १ | नेपाल स्टक एक्सचेन्ज लि | ५० | २३६ | २८६ | १२३।६४ | ६,१८२ | - | - | | |
| २ | बिजनेस यूनिभर्सल डे.बैकं (हाल सिद्धार्थ बैंक) | २१,०७३ | १५,८५६ | ३६,९२९ | ८०।६५ | १,६९९,६०० | ४७० | १७,३५६,६३० | | |
| ३ | बैंक अफ काठमाण्डु | १,६४७ | ५,८५४ | ७,५०१ | २८२।६८ | ४६५,५७२ | ४८८ | ३,६६०,४८८ | | |
| ४ | प्रिमियर ईन्स्योरेन्स लि. | ७६२ | १८० | ९४२ | ९९।९५ | ७६,१६० | १,८५० | १,७४२,७०० | | |
| ५ | एभरेष्ट ईन्स्योरेन्स लि. | ७२ | १७० | २४२ | १००।०० | ७,२०० | २,७३० | ६६०,६६० | | |
| ६ | नारायणी नेशनल फाइनान्स लि. | २,१०३ | ४३२ | २,५३५ | ९८।८१ | २०७,८०० | ३८८ | ९८३,५८० | | |
| ७ | यूनिलिभर लि. | ८,९०० | - | ८,९०० | ३४०।१३ | ३,०२७,१५७ | ३०,००१ | २६७,००८,९०० | | |
| ८ | एलायन्स इन्स्योरेन्स लि. (हाल प्रभु इन्स्योरेन्स) | १४,९११ | ५,४४१ | २०,३५२ | १००।०० | १,४९१,१०० | १,२०० | २४,४२२,४०० | | |
| ९ | सिटिजन इन्टरनेशनल बैक | १९ | ३ | २२ | - | - | ३९२ | ८,५८५ | - | |
| १० | सिटिजन इन्टरनेशनल बैक प्रमोटर | ४५० | ७८ | ५२८ | ६७९।३३ | ३०५,७०० | ३९२ | २०६,९७६ | ३६,८०० | |
| ११ | लूम्बीनी बैंक लि.संस्थापक | ४५५,००० | १८६,७२८ | ६४१,७२८ | १०१।८७ | ४६,३५१,३०० | ४८८ | ३१३,१६३,२६४ | | |
| १२ | लूम्बीनी बैंक लि. | ८,५१३ | ३,५३२ | १२,०४५ | - | - | ४८८ | ५,८७७,९६० | | |
| १३ | लूम्बीनी फा.एण्ड लिजिंग | १५८ | ३५१ | ५०९ | ७७।२२ | १२,२०० | २२७ | ११५,५४३ | | |
| १४ | एन.आई.सि.बैंक लि. (हाल एन.आई.सि.एसिया बैंक लि.) | २६३ | २७३ | ५३६ | २३१।१८ | ६०,७९९ | ४६८ | २५०,८४८ | | |
| १५ | इन्टरनेशनल लिजिंग एण्ड फा. | ६,६१६ | ८० | ६,६९६ | १००।०० | ६६१,६०० | २५३ | १,६९४,०८८ | | |
| १६ | हिमालयन बैंक लि. | - | ९८९ | ९८९ | - | - | ९१५ | ९०४,९३५ | | |
| १७ | बुटवल पावर कम्पनी लि. | २९,००० | २०,१४५ | ४९,१४५ | ४५५।१६ | १३,१९९,६८० | ६५४ | ३२,१४०,८३० | | |
| १८ | नेपाल टेलिकम कं. लि. | ५,००० | - | ५,००० | ६००।०० | ३,०००,००० | ७१२ | ३,५६०,००० | | |
| १९ | नेपाल टेलिकम कं. लि. प्रमोटर शेयर | ५०,००० | - | ५०,००० | १००।०० | ५,०००,००० | ७१२ | ३५,६००,००० | | |
| २० | एपेक्स डेभलेपमेन्ट बैंक लि.(हाल एनसिसि बैंक लि.) | २५९,१२० | ७०,५१६ | ३२९,६३६ | १००।०० | २५,९१२,००० | ३७५ | १२३,६१३,५०० | | |
| २१ | प्राईम कमर्सियल बैंक लि. | १,२०३ | ४३३ | १,६३६ | २१०।५० | २५३,२३५ | ४५५ | ७४४,३८० | | |
| २२ | नेपाल इन्भेष्टमेन्ट बैंक लि. | २०,९३९ | १४,६३२ | ३५,५७१ | ३५७।५४ | ७,४८६,५०३ | ७७० | २७,३८९,६७० | | |
| २३ | अन्य शेयर लगानी | १९,५९० | - | १९,५९० | ४५१,६५० | १,८७४,०९० | | - | १,९२७,४११ | |
| | **जम्मा (ख) :** | ९०५,३८९ | | | | **१११,०९७,८७८** | | **८६१,१०५,९३७** | १,९६४,२११ | - |
| | **कुल जम्मा (क)+(ख) :** | | | | | | | | | **१४६,०९७,८७८** |

नागरिक लगानी कोष
केन्द्रीय हिसाब
२०७४ आषाढ मसान्तको

## अनूसुची ४ : लगानी

| सि.नं | विवरण | चालु बर्ष | गत बर्ष |
|---|---|---|---|
| १ | एकांक लगानी | ५,०००,००० | ५,०००,००० |
| २ | मुद्दती निक्षेप | ३०,०००,००० | ३०,०००,००० |
| ३ | शेयर लगानी (अनुसूची ४.१) | १११,१२७,०८० | १११,०९७,८७८ |
| | **जम्मा** | **१४६,१२७,०८०** | **१४६,०९७,८७८** |
| ४ | लगानी जोखिम व्यवस्था गतबर्षसम्मको | (३१,९६४,२१०) | (३१,९१०,८८९) |
| ५ | यस बर्षको थप लगानी जोखिम व्यवस्था | – | (५३,३२१) |
| | **जम्मा** | **११४,१६२,८७०** | **११४,१३३,६६८** |

## अनूसुची ५ : लिनूपर्ने हिसाव

| सि.नं | बिबरण | चालू बर्ष (रु.) | गत बर्ष (रु.) |
|---|---|---|---|
| १ | प्राप्त हून बांकी आम्दानी | २९,४९२,२३५ | २५,७८३,४८५ |
| | व्याज मुल्तबी हिसाब | (२६,२८४,०४३) | (२२,००९,०४३) |
| २ | ऋणपत्र कारोबार मौज्दात | १०५,५८९,००० | २२,७०९,००० |
| ३ | शिक्षक विमा कोष योजना | २९८,९८३,७५९ | २८७,१३४,१४४ |
| ४ | नार्क विमा कोष योजना | २१,२२१,०५८ | २०,१०७,७१३ |
| ५ | आर्मी विमा कोष योजना | ५४,६५०,९७० | ४५,३२३,०९७ |
| ६ | ने.रा.बैंकसंग सोधभर्ना बांकी ब्याज | १४,९४३,६११ | ४,७१४,९८३ |
| ७ | कर्मचारी बचत बृद्धी कार्यक्रम | – | ४६३,४०३,२१७ |
| ८ | लिनूपर्ने बिमा प्रिमियम | ८८०,३५२ | ५१,५२० |
| ९ | नागरिक एकांक योजना | ६९८,५१३,२३९ | २११,७८५,७४४ |
| १० | अग्रिम कर | ६६०,०८७,०५८ | – |
| | न्युन: आयकर व्यवस्था | ६५६,१७४,३०४ | – |
| | खूद अग्रिम कर | **३,९१२,७५४** | – |
| ११ | स्थगन कर सम्पत्ति | २,९६८,९६१ | – |
| १२ | कर्मचारी कल्याण कोष | १,३४६,४४० | १,३४६,४४० |
| १३ | नेपाल प्रहरी बीमा कोष योजना | ३,३६७,२७३ | १०,३२४,४४९ |
| १४ | सशस्त्र प्रहरी बीमा कोष योजना | १,८३४,७१२ | १०,२५०,५८३ |
| १५ | सावधिक वीमा कोष योजना | २१५,८६०,६६६ | २०१,५२२,६८६ |
| १६ | राष्टियस्तर कल्याण कोष | १७६,८२० | – |
| | **जम्मा :** | **१,४२७,४५७,८०७** | **१,२८२,४४८,०१८** |

नागरिक लगानी कोष
केन्द्रीय हिसाब
२०७४ आषाढ मसान्तको

**अनूसुची ६ : नगद तथा बैंक मौज्दात**

| सि.नं | विवरण | चालू बर्ष (रु.) | गत बर्ष (रु.) |
|---|---|---|---|
| १ | नेपाल राष्ट्र बैंक | ३८,३१६,१३१ | १४३,६१०,१४५ |
| २ | नेपाल बैंक लि. | ८,९६६,२८९ | ८,९६६,२८९ |
